
# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ९३ | काठमाडौं | बुधबार, ९ साउन २०८१ | Prabhab National Daily | Wednesday, July 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




सिमलताल घटना

# त्रिशूलीमै बग्यो जितेन्द्रको सपना



सर्लाहीको रामनगरस्थित घरमा जितेन्द्र रामका आफन्त । *तस्बिर: रासस*

■ सिंगबहादुर थापा

**बरहथवा (सर्लाही)–** गत असार २८ गते बिहान चितवनको भरतपुर महानगरपालिका-२८ स्थित नारायणगढ-मुग्लिन सडकको सिमलतालमा पहिरो खस्दा दुईवटा बसमा सवार ६५ बढी यात्रुले अकालमै ज्यान गुमाउनुपर्‍यो । नदीमा बससँगै धेरैको जीवनमा केही गर्ने सपना बिलायो भने उनीहरूका परिवारले सदस्यमात्रै गुमाएनन्, बाँच्ने आधार पनि सधैंका लागि अन्त्य भएको छ ।

सर्लाहीको रामनगर गाउँपालिका-३ का जितेन्द्र रामको विदेशमा कमाएर परिवारको पेट पाल्ने सपना पनि सोही घटनामा विलीन भयो । परिवारका अनुसार जितेन्द्र गाउँकै अर्का (हाल बेपत्ता) साथी रामा दाससँगै वैदेशिक रोजगारीको तयारीमा थिए । उनी म्यानपावर कम्पनीले विदेश जानुपूर्व गरिने स्वास्थ्य परीक्षण गर्न बोलाएपछि असार २४ गतेमात्र काठमाडौं पुगेका थिए । स्वास्थ्य परीक्षण गरी घर फर्कंदै गर्दा असार २८ गते झिसमिसेमा उनी सवार बस पहिरोमा परेर त्रिशूलीमा खसेको थियो ।

> वैदेशिक रोजगारीमा जान काठमाडौंमा स्वास्थ्य परीक्षण गरी घर फर्कंदै गर्दा असार २८ गते जितेन्द्र राम सवार बस पहिरोमा परेर त्रिशूलीमा खसेको थियो । विदेशमा कमाएर परिवारको पेट पाल्ने उनको सपना पनि सोही घटनामा विलीन भयो ।

जितेन्द्रले २७ गते साँझ ७ बजेतिर आफू घर आउँदै गरेको परिवारलाई जानकारी गराएका थिए । परिवारसँगको त्यही संवाद जितेन्द्रको अन्तिम संवाद बन्यो । करिब आठ वर्ष पहिला पनि उनी वैदेशिक रोजगारीका क्रममा तीन वर्ष मलेसिया बसेर फर्किएका हुन् । २८ वर्षका उनको श्रीमती दुई छोरी र एक छोरा छन् ।

आर्थिक संकटबाट गुज्रिरहेको जितेन्द्रको परिवारमा यस घटनाले ठूलो बज्रपात गराएको छ । पाँच धुर घडेरीमा बनेको फुसको घरमा उनका बुबा, ठूलोबुबा र आफ्नोसमेत गरी १७ जनाको परिवारले मुस्किलले ओत लागेको छ । भतिजोले विदेशबाट कमाएर परिवार पाल्छु भनेको ठूलो बुबा सरपलाल महरा सम्झन्छन् ।

पीडित परिवार अझै उनीहरू फर्किने आशमा बसिरेका छन् । बेपत्तामध्ये बरहथवा नगरपालिका-३, माझी टोलाका १८ वर्षका रमित कुशवार माझी र जितेन्द्र रामको मात्र शव फेला परेको हो । रामनगर गाउँपालिका-३, का रामा दास र कविलासी नगरपालिका-८, का रवीन्द्र साहको अझै अत्तोपत्तो छैन । यतिका दिन भइसक्दासमेत फेला नपरेका उनीहरू जीवित फेला पर्ने परिवारले आश मारिसकेका छन् ।

बेपत्ता रामा दासको बुबा शुक्रबार मात्र मलेसियाबाट चितवन आएर छोराको लास भेटिने आशमा कुरिरहेका छन् । उनी १० वर्षदेखि मलेसियामा रोजगारीको सिलसिलामा थिए भने उनका दाजुसमेत वैदेशिक रोजगारीका क्रममा मलेसियामै छन् ।

(क्रमशः पृष्ठ २ मा)

बहसमा संविधान संशोधन

# समानुपातिक निर्वाचन हटाउने तयारीले तरंग



> संविधान संशोधन गर्दा समावेशिताको कुरालाई अझ बलियो बनाउनुपर्ने जरूरी छ । यसका लागि निर्वाचन प्रणाली नै सुधार गर्नुपर्छ ।

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



> कसैले उपहार दिएको होइन समानुपातिक र समावेशिता । जनताको रगतसँग साटिएको व्यवस्था फाल्न माओवादीले दिँदैन । माओवादी त्यसविरुद्ध उभिन्छ ।

■ **सुदन किराती**
**प्रतिनिधिसभा सदस्य**
**माओवादी केन्द्र**

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्ता सहकार्य स्वाभाविक भए पनि समानुपातिक निर्वाचन प्रणाली हटाउने सहमतिले नेपाली राजनीतिलाई तरंगित बनाएको छ । विशेषगरी पहिचान र समावेशिताको पक्षधर प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र यो विषयलाई लिएर बढी सशंकित बनेको छ । संविधान संशोधन गर्दै उक्त व्यवस्था हटाउन कांग्रेस-एमाले दृढ देखिएपछि माओवादीले राजनीतिक प्रतिवाद गर्ने चेतावनीसमेत दिइसकेको छ ।

३ असोज २०७२ मा जारी संविधानमा प्रत्यक्ष र समानुपातिक समावेश गरिएको मिश्रित निर्वाचन प्रणाली हुने उल्लेख छ । सोही प्रणालीअनुसार निर्वाचन आयोगले ४ मंसिर २०७९ र २०७४ मा गरी दुईपटक निर्वाचन सम्पन्न गरिसकेको छ । ४० प्रतिशत समानुपातिक प्रणालीबाट प्रदेश र प्रतिनिधिसभामा प्रतिनिधित्व हुने गरेको छ । प्रतिनिधिसभामा ६० प्रतिशत सांसद भने प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था संविधानमा छ ।

कांग्रेस-एमाले प्रत्यक्षलाई कायम राखेर समानुपातिक प्रणालीलाई जसरी पनि हटाउन संकल्पित देखिएका हुन् । यसले समावेशी व्यवस्थालाई नै खलबल पुऱ्याउने माओवादीको विश्लेषण छ । कांग्रेस-एमालेले भने समावेशितामा कुनै आँच नपुग्ने तर्क गर्दै आएका छन् । स्थिर सरकारका लागि समानुपातिक निर्वाचन प्रणाली बाधक बनेको उनीहरूको तर्क छ । यो प्रणालीबाट कुनै पनि दलको बहुमत नआउने र साना दलका कारण सरकार अस्थिर बनिरहने समस्या अन्त्य गर्न समानुपातिक हटाउनुपर्ने निष्कर्षमा यी दुई पुगेका छन् ।

- प्रत्यक्षमार्फत नै समानुपातिक समावेशितालाई सम्बोधन गर्न चुनौती
- समावेशितालाई सुनिश्चित गर्ने कांग्रेस-एमालेको दाबीमा आशंका
- समावेशितालाई खलल पुग्नेगरी समानुपातिक प्रणाली हटाउन नदिने माओवादी केन्द्रको चेतावनी

कांग्रेस नेता डा. शेखर कोइरालाले संविधान संशोधन गर्दा समावेशिताको कुरालाई अझ बलियो बनाउनेगरी निर्वाचन प्रणालीलाई सुधार गर्नुपर्ने आवश्यकता रहेको बताए । तर, उनले पनि संविधान संशोधन गर्दा अरू राजनीतिक व्यवस्था तलमाथि हुने संकेत गरे ।

'संविधान संशोधन गर्दा समावेशिताको कुरालाई अझ बलियो बनाउनुपर्ने जरूरी छ,' उनले नेपाल प्रेस युनियनले मंगलबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा भने, 'यसका लागि निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ । तर संविधान संशोधनको नाममा कतै 'पेन्डोरा बक्स' त खुल्ने होइन ? भन्ने डर छ । यसमा मिडिया जगत पनि सचेत भएर खबरदारी गर्नु आवश्यक छ ।'

समानुपातिक र समावेशितालाई १० वर्षे माओवादी सशस्त्र विद्रोह र त्यसको जगमा भएको ०६२/६३ को जनआन्दोलन, मधेस र आदिवासी जनजाति आन्दोलनको उपलब्धि मान्ने गरिन्छ । तर, दुवै व्यवस्थामा सुधारको आवश्यकता रहेको प्रमुख दुई सत्तारुढ घटक कांग्रेस-एमालेले जनाएका छन् । यी दुई दलले प्रत्यक्षतर्फको निर्वाचन क्षेत्र बढाउने र प्रत्यक्षबाटै समानुपातिक समावेशितालाई सुनिश्चितता गर्नेगरी सुधार गर्न सकिने भन्दै आएका छन् ।

प्रभावसँग संक्षिप्त कुराकानीका क्रममा एमाले सचिव योगेशकुमार भट्टराईले प्रत्यक्षबाटै महिला, आदिवासी, दलित, थारु, मुस्लिम, मधेसी, अल्पसंख्यक र पिछडा वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न सकिने बताए । 'ललितपुरमा तीनवटा चुनाव क्षेत्र छन् । त्यसमध्ये एउटामा आदिवासी जनजाति र एउटामा महिला भयो भने अर्को निर्वाचन क्षेत्रबाट सबै जाति प्रतिस्पर्धा गर्न पाउने गर्न सकिन्छ, यस्तो अभ्यास भारतमासमेत हुने गर्छ,' उनले प्रभावसँग भने, 'अनि, यसो गर्दा समावेशिता सम्बोधन भएन ?'

समानुपातिक निर्वाचन प्रणाली नेपालसहित संघात्मक प्रणालीमा गएका देशहरूमा कार्यान्वयनमा छ । तर, नेपालको सन्दर्भमा समानुपातिक निर्वाचन प्रणालीलाई विद्रुपीकरण गरिएको सरोकारवालाहरूको टिप्पणी छ । नेताले आफ्ना श्रीमती, बहिनी, साली, सालोदेखि पैसाको खोलो बगाउने व्यवसायीलाई समानुपातिक सांसद बनाउने प्रचलन नै भएको उनीहरू बताउँछन् । खासमा राज्यको नीति निर्माण तहमा आइनपुगेका वर्ग, जाति, क्षेत्र र समुदायबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गराउन समानुपातिक निर्वाचन प्रणाली अंगीकार गरिएको हो । जसलाई प्रश्न उठ्ने अवस्था प्रमुख दलहरूले सिर्जना गरेका विश्लेषकहरूको भनाइ छ ।

जुन उद्देश्यले समानुपातिक निर्वाचन प्रणाली कार्यान्वयनमा ल्याइयो, ठीक विपरीत दिशामा राजनीतिक नेतृत्व अघि बढे ।


(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# एक वर्षमा रोजगारीका लागि साढे सात लाखले छाडे देश

## विदेसिनेमध्ये पाँच लाखभन्दा बढी दक्ष श्रमिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगारीका लागि एक वर्षमा सीपयुक्त दक्ष श्रमिकको रूपमा पाँच लाखभन्दा बढी नेपाली युवा विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा नयाँ तथा पुनः श्रम स्वीकृति लिएर पाँच लाख ३२ हजार १२३ जना दक्ष श्रमिक रोजगारीका लागि विभिन्न मुलुक पुगेका हुन् । यो रोजगारीका लागि उक्त आवमा विदेसिएका कूल श्रमिकको ७१.७८ प्रतिशत हो ।

एक वर्षको अवधिमा सीप सिकेर विदेश जानेमध्ये ५० हजार २५३ जना महिला रहेको विभागले उल्लेख गरेको छ । विदेश जाँदा सीप सिकेर जाने क्रम बढ्दै गएको विभागले जनाएको छ । गत आवमा विदेसिएकामध्ये ६० हजार १२३ जना अर्धदक्ष रहेको प्रतिवेदनमा उल्लेख छ । जसमा छ हजार ६६६ जना महिला रहेका छन् ।

सोही वर्ष पेसागत दक्षता हासिल गरेका दुई हजार ७७२ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ । यसै अवधिमा विशिष्ट दक्षता (विशेषज्ञता) हासिल गरेका ७३२ जना पनि विदेसिएका छन् ।

वैदेशिक रोजगारीमा जाने सीपयुक्त दक्ष श्रमिकको संख्या बढ्दै गए पनि अझै ठूलो संख्यामा अदक्ष श्रमिकहरू रोजगारीका लागि विदेसिँदै आएको विभागको तथ्यांकमा उल्लेख गरिएको छ । गत आवमा एक लाख ४५ हजार ५७ जना अदक्ष (कोरा) श्रमिक विदेसिएका छन् । जसमा २२ हजार ६९३ जना महिला श्रमिक रहेका छन् ।

समग्र श्रम स्वीकृतिको अवस्थालाई हेर्दा एक वर्षमा सात लाख ४१ हजार २९७ जना श्रमिक रोजगारीका लागि १४९ मुलुकमा गएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## 'स्वदेशमै उद्यमशीलता र रोजगारी प्राथमिकतामा'

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार महाशाखालाई परिवर्तन गर्ने तयारी गरेको छ । वैदेशिक रोजगारसम्बन्धी विभिन्न नीति निर्माण तथा अध्ययन गर्ने महाशाखालाई आन्तरिक रोजगार महाशाखा बनाउने तयारी भइरहेको बताइएको छ ।

मन्त्रालयको जिम्मेवारी सम्हालेपश्चात् श्रममन्त्री शरतसिंह भण्डारीले पहिलोपटक सार्वजनिकरूपमा मंगलबार संसद् भवन परिसरमा पत्रकारहरूलाई प्रतिक्रिया दिँदै वैदेशिक रोजगार महाशाखालाई 'रि-स्ट्रक्चर' गर्नुपर्ने अवस्था आएको बताए । वैदेशिक रोजगारको क्षेत्रमा अन्य निकायले काम गरिरहेको भन्दै उनले आन्तरिक रोजगार महाशाखा बनाएपछि यसले मुलुकभित्रै रोजगारी सिर्जना गराउनको लागि महत्त्वपूर्ण गतिविधि सञ्चालन गर्ने बताए ।

मन्त्री भण्डारीले आफूले अघिल्लो कार्यकालमा घोषणा गरेको आन्तरिक रोजगार दशकको अभियानलाई पनि अघि बढाउने तयारी भइरहेको बताए । 'अब स्वदेशमा नै उद्यमशीलता र रोजगारी सिर्जना गराउने अभियान सञ्चालन गरिने छ,' उनले भने, 'यसका लागि वैदेशिक रोजगारीबाट फर्किएका नेपालीलाई रोक्ने उनीहरूको सीप, पुँजी र अनुभवलाई स्वदेशमै लगानी गर्ने वातावरणको निर्माण गरिने छ ।'

बाध्यकारी वैदेशिक रोजगारीलाई क्रमश न्यूनीकरण गर्दै लैजाने सरकारको उद्देश्यलाई कार्यान्वयन गर्न प्रत्येक पालिकाअन्तर्गत रहेको रोजगार सेवा केन्द्रलाई 'रोजगार हब'को रूपमा विकास गर्न लागिएको मन्त्री भण्डारीले बताए ।



# डेंगु नियन्त्रण प्रभावकारी बनाउने तयारीमा छौं : स्वास्थ्यमन्त्री



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले डेंगुबाट कसैले पनि ज्यान गुमाउनु नपर्ने अवस्था निर्माणका लागि मन्त्रालयले काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद प्रतिमा गौतमले प्रस्तुत गरेको डेंगु नियन्त्रणसम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले डेंगु रोकथाम तथा नियन्त्रण गर्न आवश्यक रणनीति अख्तियार गरिएको जानकारी दिए ।

मन्त्री पौडेलले डेंगु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ अनुसार काम भइरहेको बताए । 'विश्वव्यापी रूपमा प्रभावकारी मानिएको र सिफारिस गरिएको लामखुट्टेको बासस्थान खोजी गर्ने र नष्ट गर्ने अभियान सञ्चालन गरिएको छ, संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकायले गर्नुपर्ने कामसहितका व्यवस्थाका लागि डेंगु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ,' उनले भने ।

मन्त्री पौडेलले डेंगु रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाउन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा राष्ट्रिय 'डेंगु टास्क फोर्स' गठन भई क्रियाशील रहेको जानकारी दिए । स्थानीय तह र प्रदेशमा द्रुत प्रतिकार्य टोली परिचालित भएका पनि उनले बताए ।

स्थानीय तहमार्फत बहुनिकायको सहभागितामा खोज तथा नष्ट अभियानलाई व्यापकरूपमा सञ्चालन गर्न चालु आर्थिक वर्षमा स्थानीय तहमा सात करोड ९८ लाख रूपैयाँ र ७७ वटा जिल्लामा दुई करोड रूपैयाँ बजेट विनियोजन गरिएको मन्त्री पौडेलले जानकारी दिए । 'डेंगु रोगको स्क्रिनिङका लागि डेंगु परीक्षण किटको व्यवस्थापनगरी मौज्दात राखिएको छ, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सिफारिसमा निःशुल्क परीक्षण गरिँदै आएको छ,' उनले भने ।

मनसुनसँगै डेंगुको संख्यामा वृद्धि हुँदै जाने र द्रुत परीक्षण किटको माग अत्यधिक हुने हुँदा उक्त मागलाई सम्बोधन गर्न तथा अपुग किट खरिद तथा व्यवस्थापनका लागि प्रदेशमासमेत आवश्यक स्रोत सुनिश्चित गरिएको मन्त्री पौडेलको भनाइ छ । 'डेंगुबाट हुने मृत्युको जोखिम कम गर्न निजी तथा सरकारी अस्पतालका ८०० भन्दा बढी चिकित्सक र स्वास्थ्यकर्मीलाई डेंगु रोगको राष्ट्रिय उपचार पद्धतिका बारेमा अभिमुखीकरण गरिएको छ,' मन्त्री पौडेलले भने, 'पछिल्लो छ महिनामा ७३ जिल्लामा एक हजार ८०० भन्दा बढी डेंगुबाट संक्रमित भएका छन् । यसविरुद्ध सचेतता अपनाउन आवश्यक छ ।'

मुलुकभर डेंगुको प्रकोप फैलिएर जनस्वास्थ्य संकट उत्पन्न भएकाले यसको नियन्त्रणका लागि सरकारलाई निर्देशन दिन माग गर्दै मंगलबारको प्रतिनिधिसभा बैठकमा सांसद प्रतिमा गौतमले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गरेकी हुन् । प्रस्तावमा डेंगुको प्रकोपका कारण अस्पतालमा गम्भीर अवस्थाका बिरामी भर्ना हुने संख्यामा वृद्धि, समाजमा डर र त्रासको माहोल उत्पन्न भएकाले डेंगुको प्रभावकारी नियन्त्रणका एवं भविष्यमा सिर्जना हुने गम्भीर र दीर्घकालीन असर न्यूनीकरण तथा रोकथामका लागि सरकारलाई निर्देशन दिन माग गरिएको थियो ।

उक्त प्रस्तावमाथि सांसदहरू कुसुमदेवी थापा, सपना राजभण्डारी, सीता मिजार र लीलादेवी बोखिम लिम्बूले समर्थन गरे । सो प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसद विराजभक्त श्रेष्ठ, ऋषिकेश पोखरेल, योगेशकुमार भट्टराई, सञ्जयकुमार गौतम, राजेन्द्रकुमार केसी, असिम साह, सुशीला श्रीपाली ठकुरी, डा. तोसिमा कार्की, उर्मिला माझी, अशोककुमार चौधरी, ठाकुरप्रसाद गैरे, सीताकुमारी राना, निशा डाँगी र रामकृष्ण यादवले डेंगुको नियन्त्रणका लागि प्रभावकारी योजना ल्याउन आग्रह गरे ।

## पृष्ठ १ बाट क्रमशः

### समानुपातिक निर्वाचन...

यसले गर्दा जनस्तरबाट समानुपातिक निर्वाचन प्रणालीबारे प्रश्न उठेका बेला कांग्रेस–एमाले संविधान नै संशोधन गरेर उक्त व्यवस्था हटाउनेतिर उन्मुख भएका छन् । माओवादी सांसद सुदन किरातीले जनताको रगतले स्थापित भएको राजनीतिक उपलब्धिमाथि छुने दुष्प्रयास नगर्न कांग्रेस–एमालेलाई चेतावनी दिए । 'कसैले उपहार दिएको होइन समानुपातिक र समावेशिता । त्यो हेक्का रहोस् जसले अहिले हटाउने भनिरहेका छन्,' उनले भने, 'जनताको रगतसँग साटिएको व्यवस्था फाल्न माओवादीले दिँदैन । माओवादी त्यसविरुद्ध उभिन्छ ।'

पहिलोपटक २०६४ सालको संविधानसभा चुनावमा समानुपातिक निर्वाचन प्रणाली कार्यान्वयनमा ल्याइएको थियो । त्यसबेला सीमान्तकृत र अल्पसंख्यक जाति, समुदायबाट पनि संविधानसभामा प्रतिनिधित्व थियो । तर, जब दोस्रो संविधानसभा चुनाव भयो, त्यसपछि समानुपातिक निर्वाचन प्रणालीको अभ्यासमा पूरै विद्रुपीकरण भयो ।

नेताले आफ्ना परिवारका सदस्यलाई सांसद बनाउने थलोको रूपमा विकास गरे । हाल कांग्रेसबाट परराष्ट्रमन्त्री भएकी डा. आरजु राणा पार्टी सभापति शेरबहादुर देउवाकी श्रीमती हुन् । कांग्रेसबाट यसअघि अर्थमन्त्री भएका प्रवक्ता डा. प्रकाशशरण महत पनि समानुपातिक प्रणालीबाटै संसद् पुगेका हुन् । पटक–पटक सत्तारोहण गरिसकेका विमलेन्द्र निधि, गोपालमान श्रेष्ठलगायत शीर्षस्थमध्येकै नेताहरू संसद्मै छन् ।

एमाले महासचिव शंकर पोखरेलले बहिनी मेनका पोखरेल, माओवादी सांसद जनार्दन शर्माले बहिनी नारायणी शर्मालाई समानुपातिक सांसद बनाएका छन् । यी त प्रतिनिधिमूलक हुन् । कति नेताले आफ्नालाई संसद् पुऱ्याउने माध्यम समानुपातिक प्रणाली भएको भन्दै आएका छन् । जसलाई हटाउन गत १७ असारमा कांग्रेस र एमालेले सम्झौता नै गरिसकेका छन् ।

● ● ●

### त्रिशूलीमै बग्यो...

गाउँघरमा ट्र्याक्टर जोत्ने काम गर्ने रामा पनि पछिल्लो समय राम्रो कमाइका लागि भन्दै वैदेशिक रोजगारीको तयारीमा थिए । उनलाई म्यानपावर कम्पनीले कागजात मिलाउन भन्दै काठमाडौं बोलाएको उनकी आमाले बताइन् । घटनाको जानकारी पाए लगत्तैबाट मुर्छा परेकी उनले मलीन अनुहारमा छोराको लासमात्र भए पनि खोजी दिन आग्रह गरिन् । दैनिक ज्याला मजदुरी गरेर हातमुख जोर्दै आएको परिवार जितेन्द्रको मृत्युपछि थप संकटमा परेको छ ।

बरहथवा नगरपालिका–३, रमित कुश्वार माझीको परिवारमा पनि आँखा ओभानो छैन । परिवारका जेठा छोरा गुमाउनु पर्दा असह्य पीडा भएको बुबा रवीन्द्र कुश्वार माझीले बताए । गाउँमा मेलापात गरेर बसिरहेका रमित गत तिहार पछिमात्र साथीको पछि लागेर काठमाडौं गएका थिए । त्यसपछि पनि उनी धेरैपटक घर आउनेजाने गरेका थिए । त्यस दिन पनि गाउँमा आफन्त पर्नेको विवाहमा सहभागी हुन भनेर रमित बस चढेका थिए ।

सुरुमा सर्लाहीका लागि टिकट काटेका कविलासी नगरपालिका–८, निवासी २४ वर्षका रवीन्द्र साहलाई पनि काउन्टरवालाले रौतहटको बसमा चढाइदिएका थिए । रवीन्द्रका परिवार अझै बेहोसमै बरबराइरहेका छन् । परिवारका केही सदस्यले चितवनको अस्पताल कुरेको हप्तादिन बढी भइसक्यो । यता सास वा लासको अत्तोपत्तो नहुँदा परिवारमा थप पीडा भएको छ ।

गत असार २८ गते झिसमिसेदेखि एकनासले सामाजिक सञ्जालमा पहिरोसँगै त्रिशूलीमा बस खसेको समाचार आइरह्यो । जितेन्द्रको परिवारको कानमा पनि उक्त घटनाको सूचना पऱ्यो । पहिले उनीहरू अन्योलमा परे । पछि सोधीखोजी गर्दा जितेन्द्र सवार बस पनि खसेको पुष्टि भयो । घरमा रुवावासी सुरु भयो । के गर्ने न कसो गर्ने अन्योलबीच जितेन्द्रका ठूलोबुबा सरपलाल महरा चितवन दुर्घटनास्थलतर्फ लागे । घटनाको दोस्रो दिन जितेन्द्रको शव त्रिशूलीमा फेला परेको खबर उनले पाए । लगत्तै उनीहरू लास राखेको भरतपुर अस्पताल पुगे । दुई दिनसम्म पानीले ढाडिएको लास चिन्न गाह्रो हुने अवस्था भइसकेको थियो ।

जितेन्द्रको हुलियासँग मिल्दोजुल्दो हुलियाको रौतहटकै एक युवकको समेत 'रेकर्ड' भएपछि प्रहरीलाई समेत शव चिन्न गाह्रो भयो । त्यसपछि उताकोसमेत परिवारलाई प्रहरीले अस्पताल झिकायो । त्यसबेला जितेन्द्रका ठूलोबुबाले आफ्नो भतिजो र रामा दासले २७ गते राति बनाएको अन्तिम टिकटक भिडियो प्रमाणका रूपमा पेस गरे ।

प्रहरीलेसमेत भिडियोमा भएको कपडा तथा जुत्ताबाट जितेन्द्रको शवको यकीन सनाखत गऱ्यो । प्रहरीले शव दिएपछि उनलाई अर्को आपत् आइलाग्यो । भतिजोको शव ल्याउन शववाहनले १७ हजार रूपैयाँ मागेपछि उनी छाँगोबाट खसेजस्तै भए । गोजीमा एक बोतल पानी किन्ने पैसा नभएका उनका लागि त्यति ठूलो रकम पहाड बनेर उभियो । शवसँगै बसेर रुँदै गुहार मागेको सरपलाल बताउँछन् । एक व्यक्तिले शववाहनलाई सर्लाहीसम्म आइपुग्नका लागि तेल हाल्न भनेर आठ हजार रूपैयाँ दिएपछि उनी रातारात भतिजोको शव लिएर सर्लाही पुगेका थिए । अब काजक्रिया कसरी गर्ने चिन्ताले परिवारलाई सताएको छ । *रासस*

● ● ●

### एक वर्षमा...

जसमध्ये ८० हजार १७२ जना महिला श्रमिक रहेका छन् । अघिल्लो आव २०७९/८० मा कूल सात लाख ७१ हजार ३२७ जना रोजगारीका लागि विदेसिएका थिए । जसमा सीपयुक्त दक्ष श्रमिक पाँच लाख छ हजार ५४६ जना थिए । त्यस्तै विशिष्ट दक्षता हासिल गरेका श्रमिकका रूपमा २५७ जना र पेसागत दक्षता भएका श्रमिक एक हजार १५३ जना श्रम स्वीकृति लिएर विदेश गएका थिए । यस्तै ६० हजार ५५५ जना अर्धदक्ष र दुई लाख दुई हजार २१६ जना अदक्षका श्रमिकका रूपमा विदेश गएको विभागको तथ्यांकमा उल्लेख छ ।

सरकारले रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागू गरेयता सीप सिकेर विदेश जाने श्रमिकको संख्या बढ्दै गएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । उनका अनुसार पछिल्ला आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या क्रमशः घट्दै गइरहेको छ । 'विदेश जाँदा केही सीप सिकेरै जाउँ भन्ने चेतना युवाहरूमा फैलिएको छ,' महानिर्देशक घिमिरेले भने, 'सीप सिकेर गए दुःख पाइँदैन भन्ने चेतनाका कारण दक्ष श्रमिकको संख्या बढेको हो ।' यद्यपि सीप विकास तालिम अनिवार्य हुँदाहुँदै पनि यसको कार्यान्वयनमा कठिनाइ भएका कारण अझै पनि ठूलो संख्यामा अदक्ष श्रमिक रोजगारीका लागि विदेश जाने क्रम जारी नै रहेको उनले बताए ।बाध्यकारी वैदेशिक रोजगारीलाई क्रमश न्यूनीकरण गर्दै लैजाने सरकारको उद्देश्यलाई कार्यान्वयन गर्न प्रत्येक पालिकाअन्तर्गत रहेको रोजगार सेवा केन्द्रलाई 'रोजगार हब'को रूपमा विकास गर्न लागिएको मन्त्री भण्डारीले बताए ।


## अनलाइन दर्ता खारेजी सूचना

सूचना तथा प्रशारण विभागमा दर्ता नं.९२५/०७५-७६ मिति: २०७५/०४/२१ मा दर्ता रहेको इन्द्रेणी सामाजिक सञ्चार प्रा.लि.द्वारा सञ्चालित www.indrenisamaj.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन संग सम्बन्धित कुनै श्रमजिवी पत्रकार को पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति: २०८१/०४/२२ भित्र यस कम्पनीको ठेगाना काठमाण्डौं महानगरपालिका १० बुद्धनगर, ९८४१४८९८३५ वा indrenifoundation@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/०८**

यस सा.व.उ.स. बाट संकलित खयर काठ ४६०.७१ क्युफिट (स्यापउड बाहेक) लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**छोरेडाँडा सा.वन उपभोक्ता समूह, ऋषिङ- २, तनहुँ**

## अनलाइन दर्ता खारेजी सूचना

सूचना तथा प्रशारण विभागमा दर्ता नं. ३४९४-०७८/७९ मिति: २०७९/०३/२८ मा दर्ता रहेको इन्द्रेणी सञ्चार डिजिटल प्रा.लि.द्वारा सञ्चालित www.indreni.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन संग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति: २०८१/०४/२२ भित्र यस कम्पनीको ठेगाना काठमाण्डौं महानगरपालिका १० बुद्धनगर, ९८४१४८९८३५ वा indrenifoundation@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRIPLE AND MORE SPA SALON COMPANY FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति २०८०/०४/०८ LT. No. 307873 चलानी नं. ६०२२२५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/manicure Pedicure/nail Technician/hair | 0 | 7 | 150 | ६५,६८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 0 | 3 | 90 | ३९,४१० | | | | | | | |

कम्पनी : AL-ZAAFRANI RESTAURANT
पूर्व स्वीकृति मिति २०८०/०४/०८ LT. No. 307872 चलानी नं. ६०२२२५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 3 | 0 | 130 | ५६,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 100 | ४३,७९० | | | | | | | |
| 3 | Light Vehical Driver | 1 | 0 | 140 | ६१,३०५ | | | | | | | |

कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०४/०८ LT. No. 307871 चलानी नं. ६०२२२५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 0 | 5 | 130 | ५६,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Chef Assistant | 5 | 0 | 130 | ५६,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMEE GROUP OF HOTEL AND RESORTS LLC
पूर्व स्वीकृति मिति २०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०७ LT. No. 270103 चलानी नं. ६०२००४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 140 | ४८,६९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 5 | 140 | ४८,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MARMOOM TOP TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/११/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०८ LT No. 301004 चलानी नं. ६०२१५९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४३,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Helper | 25 | 0 | 800 | २८,८३० | | | | | | | |
| 3 | Mason | 25 | 0 | 1200 | ४३,२४५ | | | | | | | |
| 4 | Steel Fixer | 25 | 0 | 1200 | ४३,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUSTAN AL-NAEEM COMPANY FOR PROVIDING MEALS FOR ONE PERSON
पूर्व स्वीकृति मिति: २०८१/०४/०८ LT. No. 307847 चलानी नं. ६०२२२५९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1400 | ४९,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI SERVICES FOR ELECTRO MECHANICAL WORKS CO. CLOSED JOINT STOCK
पूर्व स्वीकृति मिति: २०८१/०४/०२ LT. No. :307590 चलानी नं. ६०२२२३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 55 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
ओशो ट्रेनिङ सेन्टर, नेपालगंज १८, कर्कन्डो, बाँकेमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।
गल्फ ट्रेनिङ सेन्टर, जनकपुर-८, बजराङ चोक, धनुषामा मिति: २०८१ साउन १७ गते (1st Aug 2024) मा हुनेछ ।
पिआइटी ट्रेनिङ सेन्टर, रमानन्द चोक, जनकपुर, धनुषामा मिति: २०८१ साउन १७ गते (1st Aug 2024) मा हुनेछ ।
युनिभर्सल टेक्निकल इन्सटिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग, महाराजगंजमा मिति: २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।
सिगल इन्सटिट्यट अफ टेक्निकल ट्रेनिङ (SITT) सिगल टाओर मिथिला मार्ग, सुकेधारा ४, काठमाडौंमा मिति: २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।

कम्पनी : INNOVATIVE BUILDINGS CO.LTD.
पूर्व स्वीकृति मिति: २०८१/०४/०८ LT. No. :307940 चलानी नं. ६०२२२६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IMILE SAUDI LOGISTICS SERVICES COMPANY
पूर्व स्वीकृति मिति: २०८१/०४/०८ LT. No. :307941 चलानी नं. ६०२२२६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Mini Truck | 10 | 0 | 1500 | ५३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE SAUDI LEBANESE FACTORY FOR FURNITURE & WOOD WORKS
पूर्व स्वीकृति मिति: २०८१/०४/०७ LT. No. :307758 चलानी नं. ६०२२२५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
१३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN RAX MANUFACTURING INDUSTRIES
पूर्व स्वीकृति मिति : २०८१/०४/०८ LT. No. 307927 चलानी नं. ६०२२२६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

'रेकर्ड ब्रेक' वर्षाबाट विस्थापितको पीडा

# बादल देख्दा पनि तर्सिन्छन् पीडित

■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** वेदकोट नगरपालिका-७ शान्तिटोलकी ६५ वर्षीया शान्ती धामी दुई साताअघिदेखि गाउँ नजिकैको विद्यालयमा आश्रय लिएर बस्दै आएकी छन् । असार २३ गते राति कनकट्टी खोलामा आएको बाढीले घरभित्रको सबै सामान बगाएर लगेपछि धामी विद्यालयमा बस्दै आएकी हुन् ।

खोलाको बाढी बस्तीमा छिरेपछि रातीका बेला घर छाड्न बाध्य भएका यहाँका ७९ परिवारमध्ये आठ परिवार वडाका दुईवटा विद्यालयमा आश्रय लिएर बस्दै आएका छन् । बाढीको पानी घटेपछि ७१ परिवार भने घर फर्किसकेका छन् । आठ परिवार भने बाढीबाट घरबारविहीन भएकाले अझै पुनर्वास हुनसकेका छैनन् । विद्यालयमा छुट्टीको समय भएकाले बाढी प्रभावित परिवारलाई अस्थायीरूपमा बस्ने प्रबन्ध गरिएको छ । यी परिवारलाई नेपाल रेडक्रस सोसाइटीले खाद्यान्न, भाँडाकुँडा र त्रिपालको व्यवस्था गरेको छ ।

पशुपति आधारभूत विद्यालयमा बस्दै आएका रामसिंह नायकले बाढीको पानीले घरसहित सबै समान बगाएर लगेपछि विचल्लीमा परेको बताए । 'शरीरमा लगाएको एकसरो लुगामात्रै बाँकी छ । अरू सबै बाढीले लग्यो,' उनले भने, 'राहतका रूपमा उपलब्ध गराइएको खाद्यान्न सबै सकिने अवस्थामा छ, थप राहत पाइएको छैन ।'



बाढीपीडित वसन्ती कुँवरले बाढीका कारण लालाबालासहित असार २३ गते राति घर छोडेकामा पुनः फर्किने अवस्था नरहेको पीडा सुनाइन् । 'रातिका बेला पानी परिरहेको थियो, अचानक खोलाको बहाव बढ्न थाल्यो, हेर्दाहेर्दै घरभित्रै पानी पस्यो, हतारमा बालबालिका बोकेर राति १० बजे घर छाडेर भाग्यौं,' उनले दुःखेसो पोखिन्, 'घरभित्रको अन्न, लुगाफाटो, खाना बनाउने ग्यास सिलिन्डर, खाद्यान्न केही झिक्न पाएनौं, सबै बाढीले बगाएर लग्यो ।'

स्थानीय मञ्जु पार्कीले वर्षौंदेखि बस्दै आएको स्थानमा यति ठूलो वर्षा र बाढी यसअघि कहिल्यै नदेखेको बताइन् । बाढी बस्तीमा पसेपछि धेरैको बिचल्ली भएको उनको भनाइ छ । बाढीपीडित स्थानीय भुवन दमाईले त्यो रात सम्झिँदा अहिले पनि आकाशमा बादल देख्दासमेत त्रसित हुने अवस्था रहेको सुनाए । उनले भने, 'त्यो रातिको वर्षा र बाढीको डरले सताउन छाडेको छैन, आकाशमा बादल लागे अझै डराउनुपर्ने अवस्था छ । त्योभन्दा बढी चिन्ता अब फेरि कसरी घर जाने र के खाने भनेर लाग्छ किनकि घर बगाएको छ, अन्नपात सबै बाढीले बगाएको छ ।'

घरको अन्नमात्रै होइन खेतमा रोपेको धानसमेत बालुवा पुरिएको छ । खेत बगरमा परिणत भएको छ । विद्यालयको छुट्टीका कारण यहाँ आश्रय लिइरहे पनि केही दिनपछि पुनः पढाइ सुरू भएपछि थप समस्या हुने पीर बाढीपीडितलाई छ । स्थानीय सुरमा चन्द यही पीरले प्रभावित परिवारलाई आवश्यक राहत र सुरक्षित बासको प्रबन्ध मिलाइदिन स्थानीय सरकारसँग आग्रह गर्छन् ।

वडाध्यक्ष थानेश्वर भट्टकानुसार असार २३ गते रातिको विनासकारी बाढीबाट प्रभावित ७९ परिवारमध्ये २२ परिवार पूर्णरूपमा विस्थापित भएका छन्, आठ परिवारको घरजग्गा केही पनि बाँकी छैन । यी परिवारको व्यवस्थापनाका लागि छलफल चलिरहेको उनले जानकारी दिए । 'पूर्णरूपमा विस्थापित भएका परिवारलाई पुनःस्थापना गराउन नगरप्रमुखलगायत सरोकार भएकाहरूको ध्यानाकर्षण गराएको छु । अब बस्ने नगरपालिकाको कार्यपालिका बैठकमा पनि यो कुरा उठाउँछु,' उनले भने ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाकाअनुसार असार २३ र २४ गतेको २४ घण्टामा शान्तिपुरसँगै जोडिएको सुन्दरपुरलगायत क्षेत्रमा 'रेकर्ड ब्रेक' (अति भारी) वर्षा भएको थियो । त्यस क्षेत्रमा ५५६.४ मिलिलिटर वर्षा मापन गरिएको थियो । सोही वर्षाका कारण पूर्व-पश्चिम राजमार्गको सुँडाखण्डमा रहेको कल्भर्ट बगेको थियो । हाल बगेको कल्भर्टको छेउमा डाइभर्सन निर्माण गरी अस्थायीरूपमा सवारीसाधन सञ्चालनको व्यवस्था गरिएको छ । *रासस*

# विपद् व्यवस्थापनमा क्रियाशील नेपाली सेना

**काठमाडौं–** नेपाली सेनाले विशिष्ट व्यक्ति एवं महत्त्वपूर्ण संरचना र प्रतिष्ठान गरी १५५ स्थानमा सेवा प्रवाह गर्दै आएको छ । गत आर्थिक वर्षमा सेनाको बम डिस्पोजल टोलीले १५८ शंकास्पद वस्तु निष्क्रिय पारेको जनाएको छ । सेनाले राष्ट्रिय एकताको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकायसँगको समन्वयमा सांस्कृतिक, धार्मिक, ऐतिहासिक महत्त्वका गढी र किल्लाको संरक्षण गर्दै आएको छ । राष्ट्रिय एकीकरणका बेला प्रयोग भएका ऐतिहासिक पदमार्गको पहिचान गरी तिनका सम्भार र संरक्षण पनि सेनाले गरिरहेको नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले बताए ।

विपद् व्यवस्थापनमा पनि अग्रपंक्तिमा रहेर नेपाली सेनाले आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको उनले सुनाए । संघ र प्रदेशमा अभ्यास हातेमालो र देशका सबै जिल्लामा सरोकारवाला र सुरक्षा निकायको समन्वयमा प्रत्येक वर्ष 'अभ्यास मनसुन' सञ्चालन गरिरहेको छ । त्यस सिलसिलामा १२५ सामुदायिक विपद् प्रतिकार्य तालिम र अभ्यासमार्फत एक वर्षमा तीन हजार ३९० जनालाई प्रशिक्षण दिएको उनले बताए ।

विपद् प्रतिकार्य योजनाअनुसार अत्याधुनिक स्रोत साधनसहित एक हजार १२६ जनालाई विपद् व्यवस्थापनसम्बन्धी विशेष तालिमप्राप्त जनशक्ति मुलुकका




२२ स्थानमा परिचालन भएका छन् । प्राकृतिक र मानव सिर्जित डढेलो, पहिरो, बाढी, डुबान र दुर्घटनाबाट हुनसक्ने जनधनको क्षति कम गर्न चार हजार ४३८ जना परिचालन भएका छन् ।

## १५४ सुत्केरीको उद्धार

नेपाली सेनाको हवाई साधनबाट भएका उडानमध्ये ८५ प्रतिशत उद्धारमा प्रयोग भएका छन् । गत आर्थिक वर्षमा गैरसैनिक नागरिक उद्धार १५४ वटा भएका सेनाले जनाएको छ । सेनाले राष्ट्रिय सुरक्षासँगै विपद् व्यवस्थापन, राष्ट्रिय विकास, आन्तरिक सुरक्षा, अन्तर्राष्ट्रिय शान्ति कार्य, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकता प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारमा आफूलाई समर्पित गर्दै आएको छ ।

मुलुकको प्रमुख राष्ट्रिय सुरक्षा संगठन नेपाली सेनाले नागरिकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने सिलसिलामा निःशुल्क स्वास्थ्य शिविर, सचेतानामूलक कक्षा, रक्तदान, सर्पदंश उपचार र श्रमदान कार्यमा समेत सहयोग पुऱ्याइरहेको छ । सेनाले वन तथा वन्यजन्तु संरक्षणका लागि आठ हजार १३६ फौज राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणको सुरक्षामा खटाएको छ । त्यसक्रममा हालसम्म ११६ जना सकल दर्जाले वीरगति प्राप्त गरेका छन् ।

## १६ लाख वृक्षरोपण

सेनाले वन तथा पर्यवारण संरक्षण गर्ने क्रममा हालसम्म १६ लाख १८ हजार ५७५ बिरुवा रोपिएको जानकारी दिएको छ । देशको महत्त्वपूर्ण प्राकृतिक सम्पदाका रूपमा रहेका हिमालको सौन्दर्य कायम राख्न सेनाले प्रत्येक वर्ष सफा हिमाल अभियान सञ्चालन गरी त्यस क्षेत्रबाट फोहोर संकलन गर्दै आएको छ । पछिल्ला वर्षमा सेनाले ऐतिहासिक तालतलैयाको संरक्षण र संवर्द्धनमा पनि नागरिकसँग हातेमालो गर्दै आएको छ । *रासस*

## सच्याइएको

मिति २०८१ जेठ २१ गते प्रकाशित अक्षता मिडिया (प्रा. लि.) को हकदावी गर्न आउने सम्बन्धी सूचनामा दर्ता नम्बर १६२२४२ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## सच्याइएको

मिति २०८१/०४/०५ गते जलन्धारा सा.व.उ.स. राप्तीसोनारी-८ र ९, नयाँगाउँ बाँकेको शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचनामा तेस्रो पटक १५ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्नुपर्नेमा प्रकाशित हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

## सूचना

काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १४ सिट नं. ११४१/०८ कि.नं.२७३ र २७४ को हाम्रो (मदन खडका र अशोक कुमार खड्का) को जग्गामा बस्ने तपाई श्री पार्वती थापा नुवाकोट जिल्ला खानीगाऊँ वडा नं.८ स्थाई घर भइ मिति २०७८ साल देखि बहाल रकम नदिई जग्गा बन्द गरी मिति २०८१-०४-०७ सम्म सर्म्पकमा नआउनु भएको हुदाँ जग्गा खाली गरी तिर्न बुझाउनु पर्ने हाल सम्मको बहाल रकम बुझाउनु हुन यो ३५ दिने सूचना प्रकाशित गरेका छौं । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सर्म्पकमा आई बहाल रकम भुक्तानी नगरेमा का.म.न.पा घर बहाल निर्देशिका २०७९ को दफा २७ को उपदफा ६ बमोजिम कारवाही अगाडी बढाउने व्यहोरा यसै सूचना मार्फत जानकारी गर्दछौं ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९६/०५/१५

स्वर्गारोहण
२०८१/०२/२३

**स्व. तेन्जिङ राङ्डोल शेर्पा**
**खिजीदेम्बा ८ बुसिङगा, ओखलढुङगा**

शेर्पा सेवा केन्द्रको **संरक्षक सदस्य** तथा किलाखोर दिङ साङदोक पल्री गुम्बाको प्रमुख लामा श्रद्धेय स्व. **तेन्जिङ राङ्डोल शेर्पा**ज्युको ८५ बर्षको उमेरमा असामयिक निधन भएकोले आज ४९ औं दिनको पून्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गेल्जे लामा**
**अध्यक्ष**
**तथा**
**शेर्पा सेवा केन्द्र परिवार**
**बौद्ध, टुसाल, काठमाडौं**



## लालझाडी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**आ.व. २०८१/०८२ मा विज्ञापन एजेन्सी फर्म/कम्पनीहरूबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि प्रस्ताव पेश गर्ने बारे सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०४।०९ गते)**

यस गाउँपालिकालाई आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी फर्म/कम्पनी/संस्थाहरुले रितपुर्वकको दिन सक्ने छुट सहितको दररेट यसै सूचनासाथ संलग्न विवरणहरु यस कार्यालयको वेवसाइट www.laljhadimun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिलको कागजपत्रहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**
१. संस्था/एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र,
२. अद्यावधिक नविकरण फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणित प्रमाण पत्र,
३. मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र,
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाण पत्र,
५. आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र,
६. विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएका प्रतिलिपी,
७. निवेदन

(नोटः रीत पूर्वकको सबैभन्दा बढी छुट दिने फर्म/कम्पनी/संस्थालाई छनौट गरिने छ।)

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ABDULLAH A. ALGAISHAN VETERINARY PHARMACY
पूर्व स्वीकृति मिति २०८१/04/07 | LT. No.307815 | चलानी नं. ६०२२२५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIGHT SOLUTIONS MINERAL TRADING CONTRACTING
पूर्व स्वीकृति मिति २०८१/04/07 | LT. No. 307828 | चलानी नं. ६०२२२५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 8 | 1000 | ३६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR VILLAGE SERVICED APARTMENTS
पूर्व स्वीकृति मिति : २०८१/04/0८ | LT. No. 307919 | चलानी नं. ६०२२२६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TESLA OVERSEAS PVT.LTD.** Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HADA FOR GENERAL SERVICES AND CON
पुर्व स्वीकृति मिति २०८१/04/0८ | LT. No. 307892 | चलानी नं. ६०२२२६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1300 | ४७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ४०,३६५ | | | | | | | |
| 3 | Coffee Cook | 1 | 0 | 1500 | ५५,०४५ | | | | | | | |
| 4 | Cooker | 1 | 0 | 1500 | ५५,०४५ | | | | | | | |
| 5 | Driver | 4 | 0 | 1900 | ६९,७२५ | | | | | | | |
| 6 | General Cook | 1 | 0 | 1500 | ५५,०४५ | | | | | | | |
| 7 | Pipe Welder | 2 | 0 | 1100 | ४०,३६५ | | | | | | | |
| 8 | Pipefitter | 5 | 0 | 1100 | ४०,३६५ | | | | | | | |
| 9 | Plumber | 1 | 0 | 1100 | ४०,३६५ | | | | | | | |
| 10 | Welder | 5 | 0 | 1100 | ४०,३६५ | | | | | | | |

कम्पनी : TAWFIQ SULTHAN & PARTNERS GROUP WLL
पुर्व स्वीकृति मिति २०८१/04/0८ | LT. No. 307891 | चलानी नं. ६०२२२६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 1300 | ४७,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 3 | 1000 | ३६,६९५ | | | | | | | |
| 3 | Salesman | 5 | 0 | 1300 | ४७,७०५ | | | | | | | |
| 4 | Waiter | 0 | 13 | 1400 | ५१,३७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SAAD OVERSEAS PVT.LTD.** श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## जनतालाई सास्ती दिने काम बन्द गर

सरकारी सेवा प्राप्त गर्न नागरिकले सधैं सास्ती बेहोर्नुपर्छ । जुनसुकै दलको सरकार बने पनि, जो सुकै प्रधानमन्त्री बने पनि सरकारी सेवामा सुधार गर्न असफल बन्दै आएका छन् । सामान्य कामका लागिसमेत सास्ती बेहोर्नुपर्ने, सरकारी कर्मचारीको रुखो व्यवहारको सामना गर्नुपर्ने कारणले सरकारी कार्यालय जानै नपरे हुन्थ्यो भन्ने आम धारणा विकास भएको छ । यसले समग्र सरकारको कार्यक्षमतालाई नै कमजोर बनाउनुका साथै सरकारले गरेका राम्रा कामहरुसमेत ओझेलमा पर्ने गरेका छन् । तर, प्रधानमन्त्रीको ध्यान आफ्नो सत्ता टिकाउनमै केन्द्रित हुँदा यस्ता कार्यमा सुधार गर्न भ्याउँदैनन् । विभागीय मन्त्रीहरु पनि पद जोगाउने र आफ्नो फाइदा हुने काममा केन्द्रित हुन्छन् ।

केही दिनयता यातायात कार्यालयका सेवाग्राहीले भोग्दै आएको सास्ती यसको ज्वलन्त उदाहरण बनेको छ । सर्भरमा समस्या आएपछि यातायात कार्यालयको सेवा प्रभावित बनेको छ । तीन–चार दिन बितिसक्दा पनि समस्या नसुल्झिँदा सेवाग्राही मारमा परेका छन् । यातायात कार्यालयमा निरन्तर धाउँदा काम नभएर फर्किनुपर्ने बाध्यता सेवाग्राहीले भोगिरहेका छन् । देशभरका यातायात कार्यालयमा सेवा प्रवाह रोकिएसँगै सेवाग्राही प्रभावित भएका हुन् ।

यातायात कार्यालयअन्तर्गत सम्पूर्ण डेटा एवं अनलाइन प्रणाली आन्तरिकरूपमा यातायात व्यवस्था विभागमार्फत नियन्त्रण तथा सञ्चालन हुँदै आएको छ । यही प्रणालीमा समस्या आउँदा देशभरका कार्यालयहरुबाट प्रभाव हुने सेवा अवरुद्ध बनेको हो । नयाँ सवारी चालक अनुमतिपत्र, पुरानो नवीकरण, प्रयोगात्मक, पुनःपरीक्षालगायतका सेवा प्रभावित हुँदा दैनिक हजारौं सेवाग्राहीले सास्ती बेहोर्नुपरेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागका अधिकारीहरु प्राविधिक समस्या भन्दै पन्छिँदै आएका छन् । तर, यसको तत्काल समाधानमा उनीहरु जिम्मेवार बनेका देखिँदैनन् ।

कहिलेकाहीँ प्राविधिक गडबढी हुनुलाई अस्वाभाविक मान्न सकिन्न । तर, लामो समयसम्म समस्या नसुल्झाउनु सम्बन्धित निकाय र अधिकारीहरुको गैरजिम्मेवारीपन हो । सेवाग्राहीले भोग्नु परेको सास्तीप्रति गम्भीर नबन्नुको परिणाम हो यो । भर्खरै नियुक्त भएका मन्त्रीले पनि यसमा कदम चालेको बुझिँदैन । हुन त उनी बधाई थाप्ने व्यस्तताबाट मुक्त भइसकेका छैनन् होला, जनाले पाइरहेको सास्तीमा कहाँ यति छिट्टै ध्यान जाओस् !

तर, हेक्का राख्नुपर्ने विषय, यसैले सरकारको समग्र सेवा प्रवाहको अवस्थालाई समेत चित्रित गर्दछ । सरकारी कार्यालयको सेवाप्रति जनतामा परेको नकारात्मक छापलाई यसले बढाउने काम गरेको छ । यसतर्फ मन्त्री र कर्मचारीलाई सरोकार नहुनसक्छ तर जनताले तिरेको करबाट तलब भत्ता खाइरहेका उनीहरुलाई जनताको सेवाबाट विमुख हुने छुट छँदै छैन । त्यसैले सरकारी कार्यालयको सेवालाई सहज प्रभावकारी बनाउनुको विकल्प छैन । जनतालाई सास्ती दिने काम तत्काल बन्द गरियोस् ।

## मननयोग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । क्रमशः

# पुष्पलालप्रति नेपाली जनताको आस्था



■ महेन्द्रप्रकाश सिवाकोटी

> पुष्पलालको सिद्धान्त, विचार र उनले देखाएको मार्गदर्शनमा आज हामी हिँडिरहेका छौं या छैनौं आत्मलोचना गर्ने बेला आएको छ । कतै उनले देखाएको मार्गलाई बिर्सेर, बिलासितामा रमाउँदै, देश र जनताको आवश्यकतालाई पन्छाएर, आफ्ना वाचाहरु भूलेर ठूला-ठूला महल, महँगा गाडी र देश-विदेश शयर गर्ने त भएका छैनौं ? देशमा ठूला-ठूला आन्दोलन भए, राजतन्त्रको बिदाइ भयो, देशमा गणतन्त्र आयो तर पनि जनताका समस्या जहाँको त्यहीँ हुनु, युवाहरु विदेसिनुपर्ने वा पलायन हुनुपर्ने अवस्था रहिरहनुपर्ने हो भने निश्चय पनि हामी पुष्पलालले देखाएको मार्गबाट विचलित भएका छौं भन्दा सायद गलत नहोला ।

मानिसहरू यो संसारमा जन्मन्छन् र आफ्नो राष्ट्रका लागि केही विशेष योगदान दिन्छन् । उनीहरूले आफ्नो सम्पूर्ण जीवन मातृभूमिको सेवामा समर्पित गर्छन् र कहिल्यै विलासी जीवनको अपेक्षा गर्दैनन् । यस्ता महान् व्यक्तित्वहरूमध्ये एक थिए पुष्पलाल श्रेष्ठ, जसले आफ्नो जीवनभर देश र जनताको सेवा गरे । उनका लागि देश र जनताको स्वतन्त्रता, लोकतन्त्र र प्रजातन्त्र नै सबैथोक थियो । उनले कहिल्यै घाम, पानी, सुख र आफ्नो परिवारको कुरा गरेनन् । उनको यस्तै बलिदानको कारणबाट आज उनलाई नेपाली राजनीतिमा एक महान व्यक्तित्वको रूपमा लिने गर्दछौं । उनको त्याग र समर्पण आज पनि सबैका लागि प्रेरणाको स्रोत बनिरहेको छ ।

वि.सं. २००७ को क्रान्तिकालमा त्रिपक्षीय दिल्ली सम्झौताविरूद्ध पुष्पलालले नेतृत्व गरी राष्ट्रियताको पक्षमा संघर्ष चलाए । त्यो संघर्षले नेपालमा कम्युनिस्ट आन्दोलनका लागि पर्याप्त सहयोग पुऱ्यायो । नेपाली कम्युनिस्ट राजनीतिमा उनको उपस्थिति र भूमिकाले नै नेपालमा कम्युनिस्ट पार्टी स्थापना र उक्त संगठन विस्तारका लागि उत्प्रेरकको भूमिका निर्वाह भएको थियो । मार्क्सवाद-लेनिनवादलाई सर्वोत्तम विचारधारा ठानी २००६ सालमा कलकत्तामा पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरे । यसका संस्थापक सदस्यहरूमा नरबहादुर कर्माचार्य, निरन्जन गोविन्द वैद्य, नारायण विलास जोशी, मोतिदेवी श्रेष्ठ आदि थिए । पुष्पलालले नेपालमा कम्युनिस्ट विचारधाराको व्यापक प्रचार-प्रसार गर्न कार्ल मार्क्स र फेडरिक एंगेल्सद्वारा लिखित 'कम्युनिस्ट घोषणापत्र' नेपाली भाषामा अनुवाद गरे । सो घोषणापत्र मार्क्सवादी विचारको नेपाली भाषामा पहिलो साहित्य हो ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्रमाथि 'कू' गरेपछि भारत निर्वासित भएका थिए । निर्वासनकै क्रममा उनी गम्भीररूपमा बिरामी भए । उपचारकै क्रममा २०३५ साउन ७ गते भारतस्थित नयाँदिल्लीमा उनको निधन भयो । नेपालका कम्युनिस्ट र नेपाली कांग्रेस मिलेर संयुक्तरूपमा जनआन्दोलन गरेमा नेपालमा प्रजातन्त्रको बहाली हुन्छ भन्ने उनको विचार थियो । पुष्पलालको नेतृत्वको क्षमता अतुलनीय थियो भन्ने बुझिन्छ । त्यतिबेलाको नेपाली समाजमा एउटा उदाउँदो चम्किलो नेताको रूपमा आफ्नो छवि स्थापना गरेका थिए । उनमा सशक्त नेतृत्वदायी क्षमता थियो । उनी समाज परिवर्तनको प्रवर्तक थिए । उनले राणाविरोधी आन्दोलन, प्रजातान्त्रिक सुधार र निरंकुश शासनको अन्त्यका लागि सशक्त नेतृत्व गरेका थिए । आज पनि पुष्पलालको विचारलाई विश्लेषण गरेर भन्ने हो भने नेपालका कम्युनिस्ट र नेपाली कांग्रेस दुवै मिलेर जनताको भावना अनुरूपको समृद्ध नेपाल निर्माण गर्न अगाडि बढ्ने हो भने मुलुकले निश्चय नै विकासको ठूलो फड्को मार्ने छ । देश समृद्ध हुने छ र नेपाली जनता सुखी हुने छन् ।

पुष्पलालका विचार र सिद्धान्तले नेपालको राजनीतिक बहसलाई आज पनि निरन्तर प्रभाव पारिरहेको छ । अबको नेपाली जनताको मुक्तिमार्ग पुष्पलालको सिद्धान्त र नीतिबाहेक अर्को विकल्प छँदै छैन । आगामी पुस्ता र राजनीतिकर्मीहरूका लागि सामाजिक परिवर्तन र प्रगतिको दिशामा अग्रगतिमा बढ्न चाहनेहरूले पुष्पलालको सिद्धान्त र नीतिलाई प्रेरणा तथा मार्गदर्शनको स्रोतको रूपमा लिनु अत्यावश्यक छ । समग्रमा नेपालको राजनीतिक र वैचारिक परिदृश्यमा पुष्पलालको योगदान गहिरो र दूरगामी छ । उनले नेपाली समाजमा पूर्ण प्रजातान्त्रिक (जनवाद) मूल्य र मान्यताको स्थापना र सामाजिक न्यायका लागि जीवनभर आन्दोलनमा होमिए । उनी जहिले पनि श्रमिको हित र विशेष गरेर समाजको पिछडिएको वर्गको हितको बारेमा सोच्ने गर्थे । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्यहरूमध्ये एक र समाजवादी सिद्धान्तहरूको प्रखर अधिवक्ताको रूपमा पुष्पलालले सामाजिक कल्याण, आर्थिक समानता र श्रमिक वर्गको अधिकारको वरिपरि केन्द्रित राजनीतिक बहसका लागि आधार तयार पारेका थिए । श्रमिकवर्गको अधिकार र सामाजिक न्यायमा केन्द्रित उनको प्रारम्भिक सक्रियताले निष्पक्ष र समतामूलक समाज खोज्ने धेरै नेपालीको आकांक्षासँग गहिरोरूपमा प्रतिध्वनित भएको थियो ।

आफ्ना समकालीन नेताहरूभन्दा फरक पुष्पलाल राजनीतिक कर्महरूमा मात्र सीमित भएनन् । उनले नेपाली समाजको अध्ययन गर्ने, नेपाली इतिहासलाई मार्क्सवादी-भौतिकवादी दृष्टिकोणले केलाउने र त्यसको आधारमा नेपाली क्रान्तिको कार्यक्रम तय गर्ने ऐतिहासिक जिम्मेवारी वहन गरे । नेपाली समाजको विश्लेषणको क्रममा पुष्पलाल नेपाली समाज अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको निष्कर्षमा पुगेका थिए । २०२५ को तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम पारित गर्दा उनी दीर्घकालीन सशस्त्र किसान क्रान्ति संघर्षमार्फत नयाँ जनवाद स्थापना गर्नुपर्ने निष्कर्षमा पुगेका थिए ।

यसबाहेक, पुष्पलालको प्रभाव राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष संलग्नताका साथै दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत नेपाली समाजमा वर्गहरूको स्थिति विश्लेषण मार्क्सवादी चिन्तनको आधारमा गरेका थिए । समाजवाद र नेपालको राजनीतिक परिदृश्यमा लेखिएका लेखहरूसहित उनका बौद्धिक योगदानले युवा कार्यकर्ता र बुद्धिजीवीहरूका लागि मार्गदर्शन गर्ने कार्य गरेको थियो र आज पनि गरिरहेको छ । उनले छाडेको विचारधारा आज पनि उत्तिकै सान्दर्भिक र समसामयिक छ । आजको सन्दर्भमा पुष्पलालको विरासत जीवित र सान्दर्भिक छ । लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक कल्याण र आर्थिक समानताका लागि उनको वकालतले नेपालमा वामपन्थी राजनीतिक दलहरूको नीति र प्राथमिकताहरूलाई आकार दिन ठूलो टेवा पुऱ्याएको छ । सामाजिक न्याय, समावेशी विकास र लोकतान्त्रिक शासन व्यवस्थाका लागि चलिरहेको आन्दोलनमा उनको स्थायी छाप कहिले पनि मेटिने छैन ।

पुष्पलालको जीवन र योगदानलाई हेर्दा, हामीलाई एक सच्चा देशभक्तको परिभाषा थाहा हुन्छ । उनले आफ्नो सम्पूर्ण जीवन राष्ट्र र जनताको हितमा समर्पित गरे, स्वतन्त्रता र लोकतन्त्रका लागि अनवरत संघर्ष गरे । उनको योगदानले नेपाली राजनीतिमा महत्त्वपूर्ण परिवर्तनहरू ल्यायो र आज पनि उनको सम्झना प्रेरणादायी छ । आज नेपाली जनताले पुष्पलालको योगदानलाई सम्झन थालेका छन् । उनका विचारहरूलाई चिन्तन-मनन गर्न थालेका छन् । पुष्पलाल श्रेष्ठले सिकाएको सन्देश स्पष्ट छ- आफ्नो मातृभूमिका लागि निरन्तर सेवा र त्याग गर्नुपर्छ । उनको जीवनीबाट हामीले राष्ट्रिय एकता, स्वतन्त्रता र जनताको अधिकारका लागि निरन्तर संघर्ष गर्नुपर्छ भन्ने शिक्षा लिन सक्छौं । यसरी, कमरेड पुष्पलाल आफ्नो योगदानले नेपाली समाजमा एक अटल प्रेरणाको स्रोतको रूपमा रहेका छन् । पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिले नेपालमा सामन्ती राजतन्त्रको अन्त्य हुन पुगेको कुरा सबैले महसुस गरेकै हो । उनको योगदानले नेपालको राजनीतिक र सामाजिक संरचनामा अमिट छाप छोडेको छ । उनको विरासतले अझ न्यायपूर्ण, समतामूलक र पूर्ण प्रजातान्त्रिक (जनवाद) समाजका लागि चलिरहेको संघर्षमा एउटा ठूलो कोषेढुंगाको रूपमा कार्य गरेको छ; जसले वर्तमान र भावी पुस्ताहरूलाई आफ्नो जीवनभरि एउटा प्रेरणादायक भूमिका निभाउन र पुष्पलाल देखाएको मार्गमा हिड्न् संघर्ष गर्दै अगाडि बढ्ने प्रेरक बनोस् ।

संक्षेपमा, पुष्पलालको सिद्धान्त, विचार र उनले देखाएको मार्गदर्शनमा आज हामी हिँडिरहेका छौं या छैनौं आत्मलोचना गर्ने बेला आएको छ । कतै उनले देखाएको मार्गलाई बिर्सेर, बिलासितामा रमाउँदै, देश र जनताको आवश्यकतालाई पन्छाएर, आफ्ना वाचाहरू भूलेर ठूला-ठूला महल, महँगा गाडी र देश-विदेश शयर गर्ने त भएका छैनौं ? देशमा ठूला-ठूला आन्दोलन भए, राजतन्त्रको बिदाइ भयो, देशमा गणतन्त्र आयो तर पनि जनताका समस्या जहाँको त्यहीँ हुनु, युवाहरू विदेसिनुपर्ने वा पलायन हुनुपर्ने अवस्था रहिरहनुपर्ने हो भने निश्चय पनि हामी पुष्पलालले देखाएको मार्गबाट विचलित भएका छौं भन्दा सायद गलत नहोला । २०४६ साल र २०६२/६३ को जनआन्दोलनमा जनताले किन र कसका लागि बलिदान दिए, सहिद भए, हजारौं मानिस घरवारविहीन भए, लाखौं मानिस विदेश पलायन भए ! यदि अझै पनि यसको लेखाजोखा नगर्ने, सत्ताको हानथापमा मात्र समय बर्बाद गर्ने हो भने, अनि आमजनताका मुद्दालाई थाँती राखेर नेताहरूले आफू र आफ्नाहरूको बारेमा मात्र सोच्ने हो भने पुष्पलाल, मदन भण्डारी र सहिदका आँशुले पिरोल्ने छ । मुलुक र राष्ट्रियतामाथि विदेशीको आँखा लाग्न नपाओस् । मुलुकको नेतृत्व गर्ने मानिसहरूमा राजनीतिक संस्कार, शिक्षा अध्ययन-अध्यापन पनि हुन सकोस् । यिनै विषयहरूलाई स्मरण गर्दै अगाडि बढ्ने वाचा गऱ्यौं भने पुष्पलालको स्मृति दिवस सार्थक हुनसक्छ । *रासस*

*(लेखक वामपन्थी बुद्धिजीवी हुन्)*

# देशको आवश्यकतामा सान्दर्भिक राप्रपाको एजेण्डा



■ केशव रेग्मी

> जबसम्म अख्तियारका आयुक्तहरु सरकारी नियुक्त गरिन्छ, तबसम्म भ्रष्टाचार उन्मूलन गर्न कठिन देखिन्छ । किनभने उनीहरुको पहिलो दायित्व आफूलाई नियुक्ति दिने व्यक्ति तथा संगठनकै संरक्षण गर्ने हुन्छ । यसले निष्पक्ष भएर काम गर्ने वतावरण नै हुँदैन ।

देशको राजनीतिक अवस्था अन्योलग्रस्त छ । यसको मूल कारण हाम्रो राष्ट्रिय राजनीतिमा विदेशीको चरम हस्तक्षेप नै हो । यो अवस्था जन्मनुको प्रमुख कारण माओवादीबाट उत्पन्न भएको द्वन्द्व हो । माओवादी द्वन्द्वले नै विदेशीहरूले नेपालमा खेल्ने ठाउँ पाएका हुन् । विभिन्न जातजाति, वर्गका बीचमा टुटफुट गर्ने अवसर पाए । त्यतिमात्र नभई माओवादी द्वन्द्वलाई आर्थिक, भौतिक र संरक्षणसमेत दिई राष्ट्रिय राजनीतिमा ठूलो हस्तक्षेप गरी आफ्नो प्रभुत्व जमाउने अवसर पाए । त्यस बेलादेखि यो मुलुक आजसम्म पूर्णरूपमा विदेशीको अघोषित अधीनमा गयो । यो अवस्थाबाट मुक्त हुन राज्यले धेरै वर्ष मिहेनत गर्नुपर्ने छ ।

भ्रष्टाचार पुराना शासनहरूमा पनि थिए तर त्यतिखेर भ्रष्टाचार नगन्यरूपमा थिए । बहुदलको स्थापनापश्चात् जब दल-दलबीच प्रतिस्पर्धा गर्ने चलन आयो, त्यसपछि मात्र भ्रष्टाचारले यो देशमा चरम रूप लिन थालेको हो । झन् २०६२/६३ पछि भ्रष्टाचार अमूर्तरूपमा फस्टाउँदै गयो । भ्रष्टाचारमा ठूला नेताहरू नै संरक्षकको भूमिकामा रहे । हाल भ्रष्टाचारको नेतृत्व नै ठूला दलका नेताहरूले गरिरहेका देखिन्छ । यो चरम अवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वर्तमान अध्यक्ष राजेन्द्र लिङ्देनले 'एक रूपैयाँ घुस खानु भनेको आमाको रगत खानुसरह हो' भन्ने नारा लिई भ्रष्टाचार उन्मूलनमा अग्रणी नेतृत्व र भूमिका लिई राष्ट्रिय राजनीतिमा आफ्नो भ्रष्टाचारविरोधी नीतिलाई स्थापित गरेका छन् । आजको अवस्थामा स्वच्छ छवि भएको एकल पार्टी राप्रपा हो भन्ने जनमानसमा स्थापित भइसकेको छ ।

जबसम्म अख्तियारका आयुक्तहरू सरकारी नियुक्त गरिन्छ, तबसम्म भ्रष्टाचार उन्मूलन गर्न कठिन देखिन्छ । किनभने उनीहरूको पहिलो दायित्व आफूलाई नियुक्ति दिने व्यक्ति तथा संगठनकै संरक्षण गर्ने हुन्छ । यसले निष्पक्ष भएर काम गर्ने वतावरण नै हुँदैन । त्यसैले अख्तियारको प्रमुख आयुक्तलगायतका नियुक्ति खुला प्रतिस्पर्धाबाट गरिनुपर्छ ।

यस वर्षको बजेट अघिल्लो वर्षको दाँजोमा निकै विवादास्पद रहयो । यो हुनाको मुख्य कारण प्रदेश संरचना पनि हो । त्यसैले जबसम्म प्रदेश संरचनालाई हटाइँदैन तबसम्म यो विवाद रही नै रहन्छ । स्थानीय सरकारलाई बलियो बनाएर प्रदेशलाई खारेज गर्नु आजको आवश्यकता हो ।

महँगी विश्वमा नै बढ्दै जाने प्रवृत्ति हो । यसलाई नियन्त्रण गर्न अति कठिन छ । यसको बदला जनताको आर्थिक आय वृद्धि गर्ने उपाय खोज्दै जानु राज्यको दायित्व हो । आज देशका ४० प्रतिशत युवाहरूमध्ये २५-३० प्रतिशत वैदेशिक रोजगारी र अध्ययनको सिलसिलामा विदेश पलायन भइसकेको अवस्था छ । देशको आर्थिक विकासका लागि युवाहरूको अग्रणी भूमिका हुन्छ । त्यसैले युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न स्वदेशमै रोजगारीको वातावरण सिर्जना गरिदिनुपर्दछ । उद्योग, कलकारखाना, व्यापार व्यवसाय, कृषिमा युवाहरूलाई अवसर दिलाउनु राज्यको दायित्व हो । भौगोलिक जटिलता भएको हाम्रो जस्तो मुलुकमा अन्य धेरै ठूला खालका उद्योगहरू स्थापित गर्ने अवस्था नरहेता पनि यहाँ भएका र देशले गर्न सक्ने पर्यटन, जलविद्युत् र कृषिलाई प्राथमिकता दिई यी क्षेत्रमा लगानी गर्न सकेमा जनताको क्रयशक्ति बढी महँगीलाई सन्तुलित गर्न मद्दत मिल्ने छ ।

राप्रपाले यतिखेर आफ्नो मूल विषय संलग्न गरी ४० बुँदे मागपत्र सरकारलाई बुझाएको छ । ती मागमध्येबाट पनि मूल एजेण्डाहरू कसरी सफल पार्ने भन्ने विषयमा विभिन्न कार्यक्रमहरू अगाडि बढाएको छ । संवैधानिक राजसंस्था र हिन्दूराज्यको पुनर्वहाली, संघीयताको खारेजी र भ्रष्टाचार उन्मूलन प्रमुख एजेण्डा हुन् । यी एजेण्डा पूरा गर्न राप्रपा आन्दोलनकै क्रममा छ । यी एजेण्डाहरूलाई पूर्णता दिन सके आन्तरिक द्वन्द्वको अन्त्य, गरिबी उन्मूलन, भ्रष्टाचार निवारण, जातजातिमा मिलाप हुने निश्चित छ ।

नेपालमा राजसंस्था पुनर्वहाली हुन असम्भव होइन । किनभने विश्वमा कतिपय यस्ता मुलुक पनि छन्, जहाँ आजसम्म आर्थिक र राजनीतिक सफलता प्राप्त गर्न सफल भइरहेको देखिन्छ । आज विश्वका करिब २० भन्दा बढी विकसित मुलुक संवैधानिक राजसंस्थाका कारण विकास र समृद्धिमा अग्ररूपले अगाडि बढिरहेका उदाहरण छन् । त्यसैले हाम्रोजस्तो राजनीतिक एवं भौगोलिक अवस्थाको देशमा राजसंस्थाको झन् बढी आवश्यकता देखिन्छ । जुन हामीले २०४७ सालदेखि भोग्दै आइरहेका छौं ।

दलहरूले देशको इतिहासलाई बेवास्ता गरी विदेशीहरूको प्रभावमा काम गरिरहेका छन् । यो एउटा दुर्भाग्यको विषय हो । देशमा राजासहितको प्रजातन्त्र स्थापना हुनु अति जरुरी छ । तर प्रजातन्त्रको नाममा दल तथा दलका नेताहरू विदेशीको प्रभाव अथवा इशारामा चल्नु उचित होइन । हाम्रा छिमेकीहरूमा एकातिर भारतजस्तो विशाल प्रजातान्त्रिक मुलुक छ भने अर्कोतिर त्यस्तै विशाल कम्युनिस्ट मुलुक चीन छ । त्यसैले हामीले दुवैपक्षलाई नचिढिनेगरी सन्तुलित राजनीति गर्नुपर्दछ ।

आजको परिस्थितिमा राजसंस्थाको मागको सान्दर्भिकता बढ्दै गएको छ । २०७२ सालको संविधानले जन्माएको प्रदेश अवधारणाले राष्ट्रलाई अग्रगामी भूमिकामा भन्दा पश्चगामी भूमिकातर्फ नै धकेलेको छ । त्यसैले दलहरूबाट भागबण्डाबाट नियुक्त भई आउने राष्ट्रपतिभन्दा जनताको चाहनाअनुसार कुनै दलमा आबद्ध नभएका निष्पक्ष राजसंस्थाकै नेतृत्व हामीले खोजेका छौं ।

राजनीति भनेको कुनै पनि देशको जनसंख्यालाई व्यवस्थित गर्ने एउटा नीति हो तर जब जनताहरूको पेट खाली रहन्छ, त्यो बेला राजनीतिमात्र भनेर के गर्ने ? त्यसैले त्यस राज्य सञ्चालन जो सुकै वर्ग वा व्यक्तिबाट भएता पनि जनताको न्यूनतम आवश्यकता पुऱ्याउन सक्दैन भने त्यो देशमा शान्ति, विकास र राजनीतिक स्थिरताको कल्पना गर्न सकिँदैन ।

*(लेखक राप्रपा केन्द्रीय सदस्य हुन्)*

# राजमार्गको पहिरो रोक्न त्रिपालको सहारा



**बाजुरा (प्रस)–** अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा पहिरो जाँदा सडक अवरुद्ध छन् । लगातारको वर्षाले पटक-पटक अवरुद्ध भएको साँफे-मार्तडी राजमार्गमा पर्ने बडीमालिका नगरपालिका-९ कारागार नजिकैको पहिरो रोक्न त्रिपालको सहारा लिइएको छ ।

पहिरो नरोकिएपछि जिल्ला प्रशासन कार्यालयले सोमबार सुरक्षाकर्मी लगाएर पहिरो गएको ठाउँमा त्रिपाल बिछ्याएको हो । अविरल वर्षाका कारण भिरालो जमिनमा पहिरो नरोकिएपछि जिल्ला प्रशासन र नेपाल रेडक्रस सोसाइटीको सहयोगमा पहिरोमाथि त्रिपाल विछ्याइएको छ ।

लगातारको वर्षाका कारण पहिरोले सडक अवरुद्ध भएपछि कुनै विकल्प नहुँदा त्रिपाल बिछ्याइएको प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए । उनका अनुसार सडक डिभिजन कार्यालय साँफेबगरलाई पहिरो गएको ठाउँमा पर्खाल निर्माण गर्न अनुरोध गरे पनि वर्षाका कारण सम्भव नभएपछि त्रिपाल हालेर सडक जोगाउने कार्य गरिएको हो । सदरमुकामकै सडक बन्द हुँदा समस्या हुने भएकाले त्रिपालको सहारा लिएको प्रजिअ पौडेलले बताए ।

सुदूरपश्चिम प्रदेशको गौरवको आयोजनाका रूपमा निर्माणाधीन उत्तरी चार पालिका जोड्ने मार्तडी-कोल्टी सडक पनि तीन सातादेखि अवरुद्ध छ । बाउली र अनाइ खोलामा पानीको बहाव बढेको र मार्तडी कोल्टी सडकको जिल्लीमा पहिरो जाँदा अवरुद्ध भएको उक्त सडक खुलाउन सम्बन्धित निकायले प्रयास नगरेको स्थानीयको गुनासो छ ।

# जनप्रतिनिधि र कर्मचारीलाई महिनाको एक दिन अनिवार्य श्रमदान

**मान्म (कालिकोट)–** कालिकोटको पलाँता गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीले महिनामा एक दिन अनिवार्य श्रमदान गर्नुपर्ने भएको छ । गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ नीति तथा कार्यक्रममा जनप्रतिनिधि र कर्मचारीले अनिवार्य श्रमदान गर्ने नीति ल्याएको हो ।

शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो, पोखरी, सिँचाइ, चौतारो, पाटीपौवा, सरसफाइ र सार्वजनिक निर्माणको क्षेत्रमा सामाजिक सद्भाव र एकताका लागि अनिवार्य श्रमदानको नीति ल्याएको गाउँपालिकाले जनाएको छ । कर्मचारी, शिक्षक र जनप्रतिनिधि मिलेर प्रत्येक महिनाको पहिलो शुक्रबार अनिवार्य श्रमदान गर्ने नीतिमा उल्लेख छ ।

नेपाली समाजमा श्रमदान गर्ने परम्परा पुरानै रहेको र अहिले हराउँदै गएका कारण महिनाको एकदिन अनिवार्य श्रमदान गर्न गराउन कर्मचारी, शिक्षक र जनप्रतिनिधि मिलेर अनिवार्य श्रमदान गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर रोकायाले बताए । 'गाउँघरमा खेती किसानीमा पर्म जाने परम्परा उस्तै छ । पर्मकै परिमार्जित रूप श्रमदान रहेकाले गाउँको सद्भाव कायम गर्न जनश्रमदान अनिवार्य बनाएका छौं,' उनले भने, 'गाउँघरमा बाटाघाटा, नाला, पुलपुलेसा बनाउन तथा कुलो खन्न श्रमदान गर्ने गरिन्छ । अहिले श्रमदान गर्ने प्रचलन हराउँदै गएको छ ।'

श्रमदानसँगै विकासमा केही टेवा पुग्ने भएकाले श्रमदान गर्नुपर्ने संस्कृतिको विकास गर्न लागिएको अध्यक्ष रोकायाले जानकारी दिए । श्रमदान गर्ने पराम्परा हराउँदै गएकाले त्यसको पुनर्ताजगी गर्न श्रमदान अनिवार्य गर्ने नीति ल्याएको अध्यक्ष रोकायाको भनाइ छ । *रासस*

# डेंगु संक्रमित बढेपछि 'लार्भा खोज र नष्ट गर' अभियान

**चितवन (प्रस)–** डेंगु संक्रमण बढेसँगै यहाँको इच्छाकामना गाउँपालिकाले लामखुट्टेको 'लार्भा खोज र नष्ट गर'अभियान सञ्चालन गरेको छ । गाउँपालिकाले केही दिनअघि मात्रै मुग्लिन र शान्तिबजार क्षेत्रमा डेंगु रोगसम्बन्धी सचेतनासँगै 'लार्भा खोज र नष्ट गर'अभियान सञ्चालन गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख हरिबहादुर देवकोटाले जानकारी दिए ।

गाउँपालिकाको सबै वडामा कार्यक्रम सञ्चालन गरिने उनले बताए । स्वास्थ्य शाखा प्रमुख देवकोटाले भने, 'गाउँपालिकाको सबै वडा र टोलहरूमा लामखुट्टेको 'लार्भा खोज र नष्ट गर'अभियान सञ्चालन गर्ने छौं ।'

गाउँपालिकाले उपलब्ध गराएको तथ्यांकअनुसार साउनको एक हप्तामा मात्रै २४ जनामा डेंगु संक्रमण देखिएको छ । सोमबारमात्रै सात जनामा डेंगु संक्रमण देखिएको छ । इच्छाकामना गाउँपालिकामा जेठदेखि डेंगु संक्रमण देखिन थालेको र अहिलेसम्म ५८ जनामा देखिएको स्वास्थ्य शाखा प्रमुख देवकोटाले जानकारी दिए । उनका अनुसार संक्रमित बिरामीमध्ये वडा नं ५ को मात्रै ५५ जना छन् । बाँकी वडा नं ३ र ४ का तीन जनामा डेंगु संक्रमण भएको छ ।

संक्रमितमध्ये अधिकांश मुग्लिन बजारमा बसोबास गर्नेहरू छन् । उनका अनुसार गाउँपालिकाको बजार क्षेत्रमा संक्रमणको बढी जोखिम छ । संक्रमितहरूको इच्छाकामना आधार भूत अस्पतालमा उपचार भइरहेको अस्पतालका जनस्वास्थ्य निरीक्षक नवराज अधिकारीले बताए । अस्पतालमा डेंगुको निःशुल्क परीक्षणको व्यवस्था गरिएको छ ।

## आकार कम्प्लेक्स प्राइभेट लिमिटेडको आ.व. आ.व. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारणसभा सम्बन्धी पुन: दोस्रो पटकको सूचना

प्रकाशित मिति : २०८१।०४।०९

मिति २०८१ साल असार महिनाको २३ गते बसेको आकार कम्प्लेक्स प्रा.लि. को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार कम्पनीको आ.व. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारण सभा मिती २०८१।४।८ मा गर्ने भनिएको सभामा कम्पनीको शेयरधनीहरुको आवश्यक गणपुरक संख्या नपुगेको हुँदा सोही मितीमा संचालक समितीको बैठकको निर्णय बमोजिम पुन: वार्षिक साधारण सभा गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति समय र स्थान**

सभा हुने मिति : २०८१ साल साउन १२ गते, शनिवार
सभा हुने समय : विहान ९:०० बजे
सभा हुने स्थान : कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २७, महावौद्ध ।

**छलफलको विषय :**

(क) सामान्य प्रस्ताव
१. कम्पनीको आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. कम्पनीको आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको गठन तथा नियुक्ति गर्ने एवं पदावधि निर्धारण गर्ने बारे ।
(ख) विशेष प्रस्ताव
१. मिती २०८०।८।५ र मिती २०८०।८।६ मा कम्पनीको संचालक समितीले गरेको निर्णय बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ को (क) र (ख) मा भएको पुँजी वृद्धिको निर्णयलाई अनुमोदन गर्ने सम्वन्धमा ।
(ग) विविध

सञ्चालक समितिको आज्ञाले
सञ्चालक अध्यक्ष

## भूमि सुधार तथा मालपोत कार्यालय, मलगंवाको 35 दिने सार्वजनिक सूचना

गा.वि.स. जब्दी वार्ड नं. ९ हाल लालबन्दी न.पा. वार्ड नं. १७ वस्ने साङ्ग दोर्जे हेन्जन तामाङ्ग लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. रानिजंज वार्ड नं.-१ हाल लालवन्दी न.पा. वार्ड नं.-१७ वस्ने भोज कुमारी श्रेष्ठ समेत को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. जब्दी वार्ड नं. ९ (घ) कि.नं. ३४२ को ज. वि. ०-१-० जग्गाको मोही महलमा जिल्ला स. गा.वि.स. जब्दी वार्ड नं. ९ हाल लालबन्दी न.पा. वार्ड नं.-१७ वस्ने साङ्ग दोर्जे हेन्जन तामाङ्गको नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१ / ४/६ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पद: Accountant -1 (M/F)
Office Secretary-1 (M/F)

**योग्यता:**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलब: आपसी समझदारीमा**

**आवेदन प्रक्रिया:**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोट: केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 01-5920966, 01-5920965
Email: info@teslaoverseas.com.np



## Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: FADEL RADHI LAGAMI TRADING EST.
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307905 चलानी नं. ६०२२२५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1800 | ६४,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART SAND COMPANY LIMITED IS ONE PERSON
पूर्व स्वीकृति मिति २०८१/03/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0८ LT. No. 306819 चलानी नं. ६०२२१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEBRAS AL-MASHAREQ MAINTENANCE AND CLEANING EST
पूर्व स्वीकृति मिति : २०८१/04/07 LT. No. 307810 चलानी नं. ६०२२२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE SPA SALON AND HEALTH INSTITUTE FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८१/04/0८ LT No. 307885 चलानी नं.६०२२२५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 4 | 150 | ४२,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 2 | 100 | ४३,७९० | | | | | | | |

कम्पनी : MASSAGE PALACE HEALTH INSTITUTE AND SALON FOR LADIES
पूर्व स्वीकृति मिति : २०८१/04/0८ LT No. 307883 चलानी नं.६०२२२५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ४२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



### युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC
पूर्व स्वीकृति मिति २०८०/09/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0८ LT. No.297664 चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Filling Clerk | 5 | 0 | 1400 | ५१,०२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 35 | 23 | 900 | ३२,८०० | | | | | | | |

कम्पनी : TOP KAPI RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No.307912 चलानी नं.६०२२२६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 3 | 0 | 130 | ५६,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 3 | 0 | 110 | ४८,१७० | | | | | | | |
| 3 | Waiter | 3 | 0 | 130 | ५६,९२५ | | | | | | | |

कम्पनी : SUNDAYS RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307911 चलानी नं. ६०२२२६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cofee Maker/Waitress | 0 | 7 | 130 | ५६,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



### बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD
पूर्व स्वीकृति मिति : २०७९/१०/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/0८ LT. No. 280320 चलानी नं.६०१९५८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 20 | 0 | 120 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOA AL ASYAH FACTORY COMPANY FOR INDUSTRY
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307852 चलानी नं. ६०२२२५८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६४,२३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६४,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBAID MOHAMMAD AL SAADI TRANSPORT COMPANY BRANCH.
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307901 चलानी नं. ६०२२२५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPEED ACCESS EQUIPMENT RENTAL CORPORATION
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307878 चलानी नं. ६०२२२५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307880 चलानी नं. ६०२२२५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Packing Workers | 100 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL MATIN INTERNATIONAL FOR PLASTIC INDUSTRIES.
पूर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307944 चलानी नं. ६०२२२६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 6 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

# प्रभाव दैनिक

रूपशाला


## नम्बर २ मा निश्चल बस्नेत

फिल्म 'के घर के डेराः घर नम्बर २' मा अभिनेता निश्चल बस्नेत अनुबन्धित भएका छन् । निर्माण टिमले अभिनेता बस्नेतसँग कागजी सम्झौता गरेको छ। यसअघि फिल्ममा अभिनेता खगेन्द्र लामिछाने अनुबन्धित भइसकेका छन् । फिल्मका दीपेन्द्र के. खनाल हुन् । फिल्म साउन अन्तिम सातादेखि छायांकन सुरू गरिने निर्देशक खनालले जानकारी दिए । फिल्मको स्क्रिप्ट उपन्यासकार बुद्धिसागरले लेखिरहेका छन् । फिल्ममा शरद श्रेष्ठ, किरण महर्जन र राजिव श्रेष्ठ निर्माता छन् भने युवराज कार्की कार्यकारी निर्माता हुन् ।




बुधबार, ०९ साउन २०८१ (Wednesday, July 24, 2024)


# 'हिटलर आउँदै छ' मार्फत नाटकमा डेब्यू गर्दै वर्षा




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री वर्षा राउतले रङ्गमञ्चमा डेब्यू गर्ने भएकी छिन् । उनले विमल सुवेदीको निर्देशन रहने नाटक 'हिटलर आउँदैछ' मार्फत रङ्गमञ्चमा डेब्यू गर्ने भएकी हुन् । नाटकलाई विमल सुवेदी र जोयश पाण्डे मिलेर लेखेका हुन् । जोयश चलचित्र 'साँघुरो'का निर्देशक हुन् ।

वर्षासँगै उनै जोयस पाण्डेको पनि मुख्य भूमिका रहने नाटक 'हिटलर आउँदैछ' को मञ्चन अमेरिकाको ओहायो राज्यको एक्रोनस्थित सिभिक थिएटरमा हुनेछ । आइतबार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ख्याति प्राप्त व्यक्तिहरूको उपस्थितिमा पत्रकार सम्मेलन गर्दै नाटकको बारेमा जानकारी दिइएको थियो ।

कार्यक्रममा आतिथ्यता ग्रहण गर्न उपस्थित तालमेजकी मेयर क्यारोल सिसिलियन किल्वेले नाटक गर्ने हिम्मतको खुलेर प्रशंसा गरेकी थिइन् । यसैगरी भुटनिज कम्युनिटी एसोसिएसनका अध्यक्ष मनोरथ खनालले विमल सुवेदी र जोयश पाण्डेको कलाक्षेत्रप्रतिको समर्पण देखेर यो कामका लागि आग्रह गरेको बताए ।

कार्यक्रममा बोल्दै लेखक तथा निर्देशक विमल सुवेदीले ब्रोड्वे नाटकका लागि विश्वभर मानिएका लण्डन र अमेरिकामध्ये अमेरिकामा नाटक गर्न पाउनु आफ्नो लागि ऐतिहासिक क्षण भएको बताए । उनले भुटानबाट राजनीतिक रूपमा बलपूर्वक निष्कासन गरिएका नेपाली भाषी भुटानी, नेपाली डायस्पोरा र उनीहरूको पुस्ताले भोगेको मानसिक तथा पहिचानको संकटलाई नाटकले प्रस्तुतिको विषय बनाएको जानकारी दिए ।

नाटक 'हिटलर आउँदैछ' ले मा नेपालीभाषी भुटानी, नेपाली डायस्पोराको मात्र नभएर युवा पुस्ता तथा तिनका समस्यालाई पनि समेटिएको निर्देशक विमल सुवेदीले बताए । 'म हाम्रो कला साहित्यलाई विश्व बजारमा फैलाउनुपर्छ भन्ने सिद्धान्तको हिमायती हुँ । यही सिद्धान्त प्रेरित भएर हामीले विश्वका धेरै देशमा नेपाली नाटक मञ्चन गरिसकेका छौं । यही क्रमको निरन्तरताको रूपमा अमेरिकामा नाटक गर्न पाउनुलाई हामीले अवसरको रूपमा लिएका छौं' उनले भने ।

दर्जनौं चलचित्रमा अभिनय गरेकी वर्षा यही नाटकको तयारीका लागि केही दिनअघि अमेरिका पुगिसकेकी छिन् । हाल रिहर्सल चलिरहेको सो नाटकमा अभिनय गर्नलाई आफू उत्सुक रहेको उनले बताइन् ।

'नाटकबाट आएको धेरै कलाकारसँग चलचित्रमा काम गरेकाले नाटक गर्ने र सिक्ने चाहना पहिले देखिनै थियो । तर यो अवसर यसरी जुर्दा सुनमा सुगन्ध भएको महसुस गरेको छु । मेरा पहिलो नाटक नै नेपालका उत्कृष्ट नाट्य निर्देशक तथा प्रशिक्षक विमल सुवेदीसँग, त्यो पनि अमेरिकाबाट हुनु चानचुने संयोग होइन । साथै नेपालका उत्कृष्ट निर्देशक जोयश पाण्डेसँगसँगै नाट्ययात्रा सुरु गर्नुले मलाई उत्साहित बनाएको छ । यो नाटकबाट धेरै कुरा पाउनेमा म विश्वस्त छु,' उनले भनिन् ।

नाटक अगस्ट महिनाको २३ बाट ओहायोको एक्रोनमा मन्चन भएर यसको वर्ल्ड प्रिमिएर हुनेछ र यसलाई अमेरिकाकै विभिन्न स्थान लगायत विश्वका अन्य देशमा मञ्चन गरिनेछ । नाटकलाई नेपाल र भारतमा पनि मञ्चन गरिने भुटनिज कम्युनिटी एसोसिएनका उपाध्यक्ष तथा नाटकका एक पहलकर्ता आकाश खतिवडाले बताए ।

अमेरिकाको ह्याप्पी होम स्टुडिओजको निर्माण रहेको नाटकमा थिएटर भिलेज नेपाल, भुटनिज कम्युनिटी एसोसिएसन एक्रोनको सहकार्यमा रहेको छ । नाटकमा नेपाल, भुटान तथा अमेरिकालागयत विभिन्न देशको कलाकार तथा टेक्निकल विशेषज्ञहरू जोडिएका छन् ।

# डा. मल्लको 'नाचिदे कान्छी' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि तथा गीतकार डा. महेन्द्रकुमार मल्लको तीजगीत 'नाचिदे कान्छी' सार्वजनिक भएको छ । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले उक्त गीतको म्युजिक भिडियो सार्वजनिक गरेका हुन् ।

डा. मल्लद्वारा रचना गरिएको गीतमा गायिका सिम्रन परियारको स्वर र शिव संगीतको संगीत रहेको छ । जीवनकुमार ज्ञवालीले निर्देशन र नितु सिंह ठकुरीले व्यवस्थापन गरेको म्युजिक भिडियोमा बिपाशा चदाराले मोडलिङ गरेकी छन् ।

म्युजिक भिडियो सार्वजनिक गर्दै पूर्वउपप्रधानमन्त्री खड्काले गीतसंगीतको जगेर्ना गर्नु सबैको दायित्व भएको बताए । 'संस्कृति र सभ्यतालाई सम्मान गरेमा मात्र राष्ट्रको विकास सम्भव छ,' उनले भने, 'यस कार्यमा हामी सबै प्रतिबद्ध हुनुपर्छ ।'

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले प्राध्यापन क्षेत्रमा समेत रहेका डा. मल्लले संस्कृति र सभ्यताको उद्गमथलो कर्णालीबाट संस्कृतिलाई डिजिटलाइज्ड गर्ने कार्य गरेकोमा प्रशंसा गरे । उनले कर्णालीको भाका र गीतले समग्र राष्ट्रको सांगीतिक क्षेत्रलाई योगदान गरेको बताए ।

कर्णाली प्रदेशसभा सदस्य राजीवविक्रम शाहले गीतसंगीतको विकासविना समाजको विकास अपूरो रहने भएकाले राज्यका निकायले यसको प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताए । सो अवसरमा उक्त गीतकी गायिका सिम्रन परियारको जन्मदिनको उत्सव पनि मनाइएको थियो ।



# प्रधानमन्त्री ओलीसँग रुसी महिला भलिबल टोलीको भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले पारस्परिक लाभ र सम्मानका आधारमा नेपाल र रुसबीचको पुरानो सम्बन्धलाई पुनःताजगीकरण गर्नुपर्ने बताएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार रुसको महिला भलिबल टोलीसँगको भेटका क्रममा प्रधानमन्त्रीले ओलीले दुई देशबीच सोभियत सङ्घ हुँदादेखि नै रुसबाट नेपालले शिक्षा, यातायात आदि क्षेत्रमा सहयोग पाउँदै आएको उल्लेख गर्दै खेलका लागि रुस एक प्रकारको बादशाह नै भएको बताए । दुई देशको भलिबल टोलीबीच मैत्रीपूर्ण खेल हुनुलाई सकारात्मकरूपमा लिँदै प्रधानमन्त्री ओलीले यस्ता खेलका साथै रुसको प्रसिद्ध सर्कस र नेपालको मौलिक नृत्य, आर्केष्ट्रा आदि संस्कृतिको आदानप्रदानमा अर्थपूर्ण निरन्तरता हुनुपर्नेमा जोड दिए ।

# नेपाल तेस्रो स्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल काभा यु-२० महिला भलिबल च्याम्पियनसिपमा तेस्रो भएको छ । माल्दिभ्सको मालेमा सोमबार भएको खेलमा नेपाल किर्गिस्तानसँग ३-० को सोझो सेटमा पराजित भएपछि नेपाल सेमिफाइनमा रोकिएको थियो ।

त्यसपछि नेपालले आयोजक माल्दिभ्ससँग तेस्रो स्थानको लागि खेल्ने मौका पाएको थियो । तेस्रो स्थानका लागि मंगलबार भएको खेलमा नेपालले प्रतियोगिताकै कमजोर टोलीलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

नेपालले पहिलो सेट २५-१५ ले जितेको थियो । दोस्रो सेट २५-१० र तेस्रो सेट २५-१४ ले जित्यो । पहिलो सेमिफाइनलमा श्रीलंकाले आयोजनक माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

# खेलाडीको बिदाइ

**काठमाडौं (प्रस)–** फ्रान्सको राजधानी पेरिसमा हुने पाराओलम्पिक गेम्स्मा सहभागी हुने तेक्वान्दो खेलाडीलाई बिदाइ गरिएको छ ।

सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयमा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी र मन्त्रालयका सचिव सुमनराज अर्यालले मंगलबार पलेशा गोवर्धन, भरतसिंह महता, प्रशिक्षक कविराज नेगी लामा तथा टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई बिदाइ गरेका हुन् ।

पाराओलम्पिक गेम्स्मा सहभागी हुनअघि टोलीले बेलायतको म्यान्चेस्टर सहरमा विशेष प्रशिक्षण गर्नेछ । उक्त प्रशिक्षणपश्चात पेरिस २०२४ पाराओलम्पिक गेम्स्मा सहभागी हुन टोली फ्रान्स प्रस्थान गर्ने कार्यक्रम रहेको छ । भरतले २९ अगस्टमा के-४४, पुरुष ५८ केजी मुनि तौल समूहमा र पलेशा गोवर्धनको ३० अगस्टमा के-४४, महिला ५७ केजी मुनि तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् ।

## ओलम्पिकमा नेपालको झण्डा स्यान्टु र मनिताले बोक्ने

**काठमाडौं–** फ्रान्सको पेरिसमा आयोजना हुने ३३औं गृष्मकालीन ओलम्पिक प्रतियोगिताको मार्चपासमा नेपालको झण्डा टेबल टेनिस खेलाडी स्यान्टु श्रेष्ठ र जुडो खेलकी मनिता श्रेष्ठ प्रधानले संयुक्त रूपमा बोक्ने भएका छन् ।

यही साउन ११ देखि २७ गतेसम्म हुने प्रतियोगिताको उद्घाटनमा स्यान्टु र मनिताले नेपालको भण्डा बोक्ने नेपाल ओलम्पिक कमिटीले जनाएको छ । स्यान्टु क्षेत्रीय तथा मनिता महादेशीय छनोटबाट ओलम्पिकमा सहभागी हुन लागेकी हुन् । पेरिस ओलम्पिकमा नेपालबाट सात खेलाडीको सहभागिता रहनेछ, जसमा स्यान्टु र मनितासहित ब्याडमिन्टनका प्रिन्स दाहाल, सुटिङकी सुस्मिता नेपाल, पौडीका एलेक्जेन्डर शाह र डुवाना लामा तथा एथलेटिक्सकी सन्तोषी श्रेष्ठले नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

ओलम्पिकमा सुटिङमा प्रदीप खाती, टेबल टेनिसमा राजेन्द्र कपाली, जुडोमा देवु थापा, एथलेटिक्समा कान्तिकुमारी महतो यादव र पौडीमा नयना शाक्यले प्रशिक्षको भूमिका निर्वाह गर्नेछन् । ब्याडमिन्टनका प्रिन्सले भने प्रशिक्षकविना खेल्नुपर्ने भएको छ । टिम डाक्टरमा नविसमानसिंह प्रधान छन् ।

त्यहाँ सहभागी हुने नेपाली टोलीका अधिकांश सदस्य पेरिस पुगिसकेका छन् । युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीसँगै नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव निलेन्द्रराज श्रेष्ठ भने उद्घाटनका अवसरमा उपस्थित हुने कार्यक्रमम रहेको ओलम्पिक कमिटीले जनाएको छ ।

# ई–स्पोर्टस्को वार्षिक क्यालेन्डर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ई-स्पोर्ट्स एसोसिएसन (इसान)ले भदौदेखि जेठसम्म विभिन्न सात प्रतियोगिता आयोजना गर्ने भएको छ । मंगलबार पत्रकार सम्मेलनमार्फत एसोसिएसनले २०२४/०२५ को लागि वार्षिक क्यालेन्डर सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

खेल, खेलाडीको विकास र प्रवर्द्धधन गर्ने उद्देश्यका साथ चालू आर्थिक वर्षको वार्षिक कार्यक्रम तयार पारेको एसोसिएसनले जनाएको छ । ई-स्पोर्ट्सको ग्रासरूट मानिने कलेज च्याम्पियनसिपदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना र सहभागीलाई पनि समावेश गरेको छ ।

एसोसिएसनले भदौमा इसान इन्टर कलेज नेसनल च्याम्पियनसिप आयोजना गर्नेछ । असोजमा बागमती ई-स्पोर्ट्स च्याम्पियनसिप, मंसिरमा एसियन मार्टियल आर्ट एन्ड इन्डोर गेम्स, माघमा दोस्रो इसान नेसनल ई-स्पोर्ट्स च्याम्पियनसिप र चैतमा इसान ई-स्पोर्ट्स अवार्ड गर्ने एसोसिएसनले जनाएको छ ।

यस्तै, चैत/बैशाखमा एसियन ई-स्पोर्ट्स च्याम्पियनसिप र जेठमा कोशी ई-स्पोर्ट्स च्याम्पियनसिप आयोजना गर्नेछ । नीजि क्षेत्र, अन्तर्राष्ट्रिय गेमिङ कम्पनी, विभिन्न क्लब तथा संस्था, जिल्ला र प्रदेशस्तरका संरचनाले आयोजना गर्ने कार्यक्रमहरू यस क्यालेन्डरमा राखिएको अध्यक्ष अञ्जन धमलाले जानकारी दिए ।

पछिल्लो एसियन गेम्समा समावेश गरिएका पब्जी, एमएल, डोटा, अनर अफ किंग्स, ई-फुटबललगायतलाई घरेलु प्रतियोगितालाई प्राथमिकतामा राखिएको उनको भनाइ छ ।

राष्ट्रसंघ प्रमुख गुटेरेसको आह्वान

# मानव बेचबिखनबाट बालबालिकालाई जोगाऊ



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले जुलाई ३० मा मनाइने अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवसका अवसरमा सन्देश जारी गर्दै बालबालिकालाई मानव बेचबिखनबाट जोगाउने प्रयासलाई थप सुदृढ गर्न आह्वान गरेका छन् ।

'मानव बेचबिखन एउटा डरलाग्दो अपराध हो । यस वर्षको अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवसमा हामीमध्ये सबैभन्दा कमजोर–बालबालिकाको सुरक्षामा विशेष ध्यान केन्द्रित गरौं,' गुटेरेसले भने ।

'मानव बेचबिखनका पीडितरुमध्ये एकतिहाइ बालबालिका रहेका छन् । उनीहरूले श्रम शोषण, दुलहीको रूपमा बेचिने, सिपाहीको रूपमा भर्ती हुने वा आपराधिक गतिविधिमा संलग्न हुन बाध्य पारिनेजस्ता अकथनीय दुर्व्यवहार भोग्दै आएका छन्,' उनले भने ।

'बढ्दो असमानता र भूमण्डलीकरणले जटिल तस्करीको सञ्जाललाई बढावा दिएको छ जसले परम्परागत कानुनी ढाँचालाई चुनौती दिन्छ र दासत्वका नयाँ रूप सिर्जना गर्दछ,' राष्ट्रसंघका प्रमुखले औंल्याए, 'अनलाइन सञ्जालका कारण पनि बालबालिकाहरू यौन शोषण र लैंगिक हिंसाको सिकार भइरहेका र यसले तस्करी गर्ने दलालहरूलाई सीमापारबाट पीडितहरूको शोषण गर्ने माध्यम दिएको छ ।'

यस्ता अपराधका शारीरिक र मनोवैज्ञानिक चोटहरू लामो समयसम्म रहिरहँदा उनीहरूको निर्दोषता, भविष्य र मौलिक हक लुटिएको उनले उल्लेख गरेका छन् । गुटेरेसले भने, 'हामीले बाल–संवेदनशील न्याय संयन्त्र निर्माण गर्ने, चेतना जगाउने, पीडित व्यक्तिहरूको हेरचाह गर्ने र कमजोर परिवारहरूलाई सहयोग गरेर शोषणका मूल कारणलाई निर्मूल गर्ने सुरक्षा प्रतिक्रियालाई बलियो बनाउनुपर्छ ।'

संयुक्त राष्ट्रसंघका प्रमुखले कुनै पनि बच्चा पीडित नहोस् र कुनै पनि तस्करी कानुनको दायराबाट उम्किन नपाओस् भन्दै सरकार, नागरिक समाज र प्राविधिक कम्पनीहरूसहित निजी क्षेत्रलाई आफ्ना प्रयास र सहकार्यलाई तीव्र बनाउन आह्वान गरे । 'आजको दिनमा हरेक बालबालिकाको सुरक्षित र स्वतन्त्र भविष्यका लागि हाम्रो प्रतिबद्धता व्यक्त गरौं,' उनले भने । *रासस/सिन्ह्वा*

बेलायतमा

# महिलाविरुद्धको हिंसा 'राष्ट्रिय आपत्काल'

**लण्डन–** इंगल्यान्ड र वेल्समा दैनिक लगभग तीन हजार महिला हिंसाका अपराधहरू दर्ता भएसँगै यो एक 'राष्ट्रिय आपत्काल' भएको मंगलबार प्रकाशित गरेको नयाँ प्रतिवेदनमार्फत प्रहरीले जनाएको छ । दुई कानुन प्रवर्तन निकायद्वारा गरिएको अध्ययनले प्रत्येक वर्ष १२ जना महिलामध्ये कम्तीमा एक जना महिला हिंसाको सिकार हुने अनुमान गरेको छ । 'महिला र बालिकाविरुद्धको हिंसा राष्ट्रिय आपत्काल हो,' वरिष्ठ प्रहरी प्रमुख म्यागी ब्लिथले प्रतिवेदनसँगको टिप्पणीमा भने ।

सन् २०२२ देखि २०२३ सम्ममा महिला र बालिकाविरुद्ध १० लाखभन्दा बढी हिंसात्मक अपराध प्रहरीमा दर्ता भएको अध्ययनले जनाएको छ । प्रतिवेदनले सन् २०१८–२०१९ देखि गत वर्षसम्म महिला र बालिकाविरुद्धको हिंसामा ३७ प्रतिशतले वृद्धि भएको जनाएको छ । सन् २०१३ देखि सन् २०२२ को बीचमा बालयौन दुर्व्यवहार र शोषणका अपराधहरू ४३५ प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले ८५ प्रतिशत हिंसा र उत्पीडन अनलाइनसँग सम्बन्धित रहेको बताएको छ ।

बेलायतको आन्तरिक मामिला मन्त्रालयले गत वर्ष फेब्रुअरीमा महिला र बालिकाविरुद्धको हिंसालाई सार्वजनिक सुरक्षाका लागि राष्ट्रिय खतरा घोषणा गरेको थियो । गत वर्ष चार हजार ५०० भन्दा बढी नयाँ अधिकारीलाई बलात्कार र गम्भीर यौन अपराधहरूको अनुसन्धान गर्न प्रशिक्षण दिइएको थियो । सन् २०२२ डिसेम्बरको अन्त्यदेखि २०२३ डिसेम्बरको अन्त्यसम्म वयस्क बलात्कारको आरोपमा ३८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ । *रासस/एएफपी*

# बेलायतको जलवायु रणनीति अदालतको छानबिनमा

**लण्डन–** बेलायती सरकारले मंगलबार जलवायु परिवर्तनको सम्भावित प्रभावहरूबाट मानिस, सम्पत्ति र पूर्वाधारको रक्षा गर्न असफल भएकोमा अभूतपूर्व कानुनी चुनौतीको सामना गरिरहेको छ । वातावरणीय अभियानकर्ताहरू 'पृथ्वीका साथीहरू' र दुई जना मानिसहरूले बढ्दो तापक्रमबाट आफू प्रभावित भएको भन्दै लण्डनको उच्च अदालतमा मुद्दा दायर गरेका छन् । यस प्रकारको मुद्दा बेलायमतमा पहिलो हो ।

पृथ्वीका साथीहरू र सहदाबीकर्ताहरूले बढ्दो तापक्रम, बाढी वा तटीय क्षरणबाट जोगाउन बेलायतको राष्ट्रिय अनुकूलन कार्यक्रम अपर्याप्त र गैरकानुनी रहेको भन्दै अदालतसमक्ष तर्क गरेका छन् ।

'बेलायतको कानुनी इतिहासमा पहिलोपटक उच्च अदालतले जलवायु परिवर्तनलाई अनुकूल बनाउने सरकारको नीति वैधानिक छ कि छैन भनेर निर्धारण गर्नुपर्ने छ, जसमा हाम्रो पक्षको मानवअधिकार उल्लंघन भएको छ वा छैन भन्ने कुरा पनि समावेश रहेको छ,' वकिल रोवान स्मिथले भने, 'यो जलवायु परिवर्तनसम्बन्धी एक ऐतिहासिक घटना हो ।'

सन् २०२३ को जुलाईदेखि लागू भएको पछिल्लो राष्ट्रिय अनुकूलन कार्यक्रम (एनएपी–३) प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने हुन्छ । यसले सरकारको जलवायु अनुकूलन लक्ष्यहरूका साथै तिनीहरूलाई पूरा गर्ने र प्रभावित हुनसक्ने समुदायहरूको संरक्षण गर्ने योजना र नीतिहरू निर्धारण गर्दछ ।

दाबीकर्ताका वकिलहरूले एनपी–३ का नीतिहरू सन् २००८ को जलवायु परिवर्तनसम्बन्धी ऐनसँग बाझिएको दाबी गरेका छन् । यो ऐनले कार्बन डाइअक्साइड उत्सर्जन र अन्य ग्रिनहाउस ग्यासहरूको कटौतीजस्ता विषयवस्तुलाई समावेश गरेको छ । यसले जलवायु परिवर्तनसम्बन्धी जोखिम सामना गर्न र प्रतिक्रिया दिन बेलायती दृष्टिकोण निर्माण गरेको छ ।

सरकारलाई सल्लाह दिने स्वतन्त्र जलवायु परिवर्तन समिति (सिसिसी) ले 'आवश्यकभन्दा धेरै कम' रहेको चेतावनी दिँदै एनएपी–३ लाई ढिलाइ नगरी तत्काल सुदृढ गर्न आह्वान गरेको थियो ।

मुद्दाका दुई सहदाबीकर्तामध्ये एक, ७१ वर्षीय केभिन जोर्डनले तटीय क्षरणका कारण पूर्वी इंगल्यान्डको नोरफोक तटमा रहेको आफ्नो समुद्री किनारको घर ध्वस्त भएको तर राज्यले कहिल्यै पनि क्षतिपूर्ति प्रदान नगरेको दाबी गरेका छन् । त्यस्तै अपांगता अधिकारकर्मी डग पेली उत्तरी इंगल्यान्डको केयर होममा बस्दै आएको र तातो गर्मीले उनको स्वास्थ्यलाई गम्भीर असर परेको दाबी गरेका छन् । दुवैले एनएपी–३ लाई 'अपर्याप्त' भनेर वर्णन गर्दै र वृद्ध र अपांगता भएका व्यक्तिजस्ता सीमान्तकृत समूहहरूको अधिकार उल्लंघन गर्ने बताएका छन् । *रासस/एएफपी*

# 'राष्ट्रपति पदका लागि पार्टीबाट पर्याप्त समर्थन छ'



**वासिङ्टन डिसी–** अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आसन्न राष्ट्रपति चुनावका लागि डेमोक्रयाटिक पार्टीबाट उम्मेदवार बन्न पर्याप्त समर्थन रहेको बताएकी छन् ।

'मेरो पार्टीबाट उम्मेदवार बन्न आवश्यक समर्थन पाउँदा गौरवान्वित महसुस गरेकी छु । म चाँडै औपचारिकरूपमा मनोनयन स्वीकार गर्ने छु,' ह्यारिसले एक विज्ञप्तिमार्फत बताइन् ।

डेमोक्रयाटिक पार्टीको बढ्दो दबाबका कारण अमेरिकी राष्ट्रपति जो बाइडेनले आइतबार सन् २०२४ राष्ट्रपतीय चुनावी दौडबाट बाहिरिएको घोषणा गरेका हुन् । उनले पनि डेमोक्रयाटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका रूपमा ह्यारिसलाई आफ्नो पूर्ण समर्थन रहेको बताएका छन् । ह्यारिसले पूर्वसभामुख न्यान्सी पेलोसीसहित धेरै प्रमुख डेमोक्रयाटिक व्यक्तित्वको समर्थन प्राप्त गरेको जनाइएको छ । *रासस/सिन्ह्वा*

# बंगलादेशको विभिन्न सरकारी निकायको वेबसाइट ह्याक

**ढाका–** बंगलादेशमा चर्किरहेको आरक्षण विरोधी आन्दोलनका बीच बंगलादेशको प्रधानमन्त्री कार्यालय, केन्द्रीय बैंक र प्रहरीको आधिकारिक वेबसाइटहरू 'द रेजिस्टेन्स' नामक समूहद्वारा ह्याक गरिएको छ । ह्याक गरिएका तीनवटै वेबसाइटमा 'अपरेसन हन्टडाउन, विद्यार्थीहरूको हत्या रोकौं । अब यो विरोधमात्र नभई एक युद्ध हो' भनी रातो अक्षरमा समान सन्देश जारी गरिएको छ ।

सन्देशमा विद्यार्थीको शान्तिपूर्ण विरोध प्रदर्शनलाई सरकारलगायत राजनीतिक सहयोगीको क्रूर हिंसा र हत्याको सामना गर्नुपरेको उल्लेख गर्दै अब यो विरोधमात्र नभई न्याय, स्वतन्त्रता र भविष्यका लागि युद्ध भएको जनाइएको छ । समूहले तत्काल ह्याकर, 'ओएसआइएनटी' अन्वेषक र पत्रकारलाई आफ्नो उद्देश्यमा सहभागी हुन आह्वानसमेत गरेका छन् ।

'न्यायका लागि लडाइँ सुरु भइसकेको छ, तयार रहनुहोस्,' ह्याकरहरूले चेतावनी दिएका छन् । उनीहरूको बारेमा विवरण उल्लेख नगरी पाँच जना पुरुष र दुईवटा कुकुरसहितको तस्बिर वेबसाइटमा प्रस्तुत गरिएको छ ।

बंगलादेशमा सन् १९७१ मा स्वतन्त्रताको लडाइँ लडेकाहरूको सन्तानका लागि प्रदान गरिएको ३० प्रतिशत आरक्षण कोटा प्रणालीको सुधारको माग गर्दै विद्यार्थीहरू लामो समयदेखि आन्दोलनमा रहेका थिए । *रासस/एएनआई*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMI ABDULLAH SALEH AL-ARINI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No. 307844 चलानी नं. ६०२२२५९५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Garden Cleaning Labour | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०८ LT. No. 281583 चलानी नं. ६०१९८१६७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 97 | 0 | 550 | ७३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: भरतपुर गार्डेन रिसोर्ट, भरतपुर १०, चितवनमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।
Mobile No: Sarita - 9769328733, Prabha - 9766487682, Milan - 9765228663

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

श्रम ईजाजत नं. ६८४/०६३/०६४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AJAD GOLDEN FOOD INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No. 307839 चलानी नं. ६०२२२६००

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ५३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BISKAR YATTA TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No. 307840 चलानी नं. ६०२२२६०१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Fast Food Preparer | 5 | 0 | 1500 | ५३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Noor Overseas Pvt. Ltd

श्रम ईजाजत नं. १०८८/०७३/०७४

Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AZHAR COFFEE TRADING CO.

पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No. 307917 चलानी नं. ६०२२२६२८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1300 | ४६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०८ LT. No. 305170 चलानी नं. ६०२१९९४२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Business Excecutive | 0 | 1 | 2500 | ९१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 50 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 2500 | ९१,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAKAN SHUDAYYID AL MUHAYFIR CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८१/०४/०७ LT. No. 307817 चलानी नं. ६०२२२५०९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee Maker | 3 | 0 | 1200 | ४२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १६ गते (31st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४६३०० | प्रति तोला - १४५६०० | प्रति तोला - १७९० |

अर्थमन्त्रीलाई कर्मचारीको सुझाव

# अर्थतन्त्रका ४६ चुनौती सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको अर्थतन्त्रका देखिएका चुनौती र समाधानका उपायबारे अर्थमन्त्रालयका कर्मचारीहरूले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई 'ब्रिफिङ' गरेका छन् । मन्त्रालयले आज प्रेस नोट जारी गर्दै विभिन्न चुनौती पहिचान भएका र ती चुनौती समाधानका लागि चाल्नुपर्ने कमदबारे पनि अर्थमन्त्री पौडेललाई जानकारी गराइएको उल्लेख गरेको छ ।

'अर्थमन्त्रालयका नजरमा नेपालको अर्थतन्त्रमा विशेष गरी ४६ वटा चुनौती छन् । ती चुनौतीलाई सामना गर्न २९ वटा क्षेत्रमा कदम चाल्न जरुरी छ', मन्त्रालयको प्रेस नोटमा भनिएको छ, 'अर्थतन्त्रमा देखा परेका चुनौती र तिनलाई सामना गर्ने उपायसम्बन्धी अर्थमन्त्रालयका सचिव र सहसचिवले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ब्रिफिङ गरिसकेका छन् । उपप्रधान तथा अर्थमन्त्री पौडेलले समस्या र चुनौतीहरूको प्राथमिकीकरण गरी समाधान गर्दै अघि बढ्ने बताउनु भएको छ ।'



**मन्त्रालयले पहिचान गरेका चुनौती**

विद्यमान अर्थतन्त्रमा विभिन्न ४६ वटा चुनौती रहेको मन्त्रालयले जनाएको छ । साधन-स्रोत उपलब्धताको अनुपातमा आर्थिक क्षेत्रको वृद्धि कम हुनु, बचत, उपभोग र लगानी वृद्धि दर न्यून रहनु, वित्तीय क्षेत्रको साधन स्रोत पर्याप्त मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, आयात/निर्यात अनुपात उच्च रहनुलगायतका चुनौती पहिचान भएका हुन् ।

त्यस्तै, आर्थिक वृद्धि अस्थिर एवम् न्यून रहेको, बढ्दो लगानी आवश्यकता र न्यून कुल ग्राहस्थ्य बचत रहेको, औसत पुँजी प्रतिफल अनुपात तुलनात्मकरूपमा उच्च रहेको, तीव्र आन्तरिक बसाइँसराइँका कारण हिमाली, पहाडी एवम् ग्रामीण क्षेत्रको जनसफ्या घट्दो क्रममा रहेको मन्त्रालयले जनाएको छ ।

आर्थिक वृद्धिमा उत्पादनशील क्षेत्रको योगदान कमजोर रहेको, अर्थतन्त्रको संरचनागत चुनौती, न्यून कुल ग्राहस्थ्य बचत: कुल ग्राहस्थ्य उत्पादनको औसत १० प्रतिशतभन्दा कम हुनु, न्यून दरको आर्थिक वृद्धि, न्यून उत्पादकत्व, औद्योगिक क्षेत्रको योगदान घट्दै गएकोलगायतका विषयलाई पनि मन्त्रालयले अर्थतन्त्रका विद्यमान समस्याका रूपमा पहिचान गरेको छ ।

त्यस्तै, आयातमा आधारित राजस्व व्यवस्था हुनु, कमजोर निकासी र बढ्दो व्यापार घाटा, राजस्व र खर्चको वृद्धि अझै न्यून रहनु, पुँजीगत खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति, ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनुलाई समस्याका रूपमा देखाइएको छ ।

विकास पूर्वाधारमा लगानीको लागि वित्त बचत (फिस्कल स्पेस) न्यून रहनु, राजस्व परिचालन अनुमानयोग्य हुन नसक्नु र लक्ष्य बमोजिम राजस्व असुली हुने नसक्नु, आयातमा आधारित राजस्व उच्च रहेको हुँदा राजस्व परिचालनलाई दिगो बनाउनु चुनौती रहनु, संस्थानमा ऋण लगानीको प्रतिफल कमजोर रहनु समस्या भएको मन्त्रालयको भनाइ छ । त्यसैगरी खर्च र आम्दानीबीचको अन्तर बढ्दै जानु, सामाजिक सुरक्षातर्फको खर्च बढ्दै जानु, वैदेशिक ऋणको प्रभावकारी उपयोग हुन नसक्नु, आयोजना/परियोजना तोकिएको समयमा सम्पन्न नहुँदा लागत प्रभावकारी हुन नसक्नुलगायत विषय समस्याका रूपमा पहिचान भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सार्वजनिक खर्च व्यवस्थापनतर्फ आयोजनाको अत्यधिक संख्या र सिर्जना भएको दायित्व व्यवस्थापन, बहुवर्षीय ठेक्काको स्रोत व्यवस्थापन, गैर-बजेटरी मागलाई निरुत्साहित गर्ने, अनिवार्य दायित्वको बजेट बढ्नु, अनावश्यक देखिएका संरचना खारेज हुन नसकेको, वैदेशिक सहायताको उपयोग क्षमता कमजोर रहेको, संघीय सञ्चित कोष ऋणात्मक तर प्रदेश र स्थानीय तहका कोषहरू बचतमा रहने गरेकोलगायतका विषय अर्थमन्त्रालयले उजागर गरेको छ ।

त्यस्तै, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानुलाई पनि चुनौतीका रूपमा पहिचान गरिएको छ । राजस्व सङ्कलन अपेक्षित नहुँदा प्रदेश र स्थानीय तहमा कम मात्र हस्तान्तरण हुने परिस्थिति रहेको, समपुरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना भएको मन्त्रालयको भनाइ छ ।

त्यस्तै, बैंकिङ क्षेत्रतर्फ पहिचान भएका समस्यामा कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्ने चुनौती रहेको, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरूमा लचकता कायम गर्न नसकिएको, वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुन नसकेको, वित्तीय सहकारीको नियमन फितलो रहेकोलगायत छन् ।

बाह्य क्षेत्रतर्फ कमजोर निकासीको आधार एवम् उच्च व्यापार घाटा, चालु खाता घाटा, भ्रमण आयभन्दा भ्रमण खर्च उच्च रहेको, विदेशी लगानी आप्रवाह अत्यन्त कमजोर रहेको, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउन नसकिएकोलगायत समस्या पहिचान गरिएको छ ।

# उछालियो नेप्से

## ७५ अंकले परिसूचक बढ्दा १४ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ७५ दशमलव ३३ अङ्क अर्थात् तीन दशमलव ०३ प्रतिशतले बढेर दुई हजार पाँच सय ६३ दशमलव ४३ को बिन्दु कायम भएको हो ।

तीन सय १७ कम्पनीको तीन करोड ९७ लाख ९० हजार आठ सय ८९ कित्ता शेयर एक लाख ७१ हजार तीन सय ८७ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब ११ करोड ६३ लाख ३० हजार नौ सय ९५ बराबरको कारोबार भएको छ ।




कारोबारमा सबै समूहका उपसूचक हरियो देखिँदा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक पाँच दशमलव ०६ र जीवन बीमा समूहको उपसूचक चार दशमलव ४५ प्रतिशतले बढेको छ । छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

समृद्धि फाइनान्स कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, माण्डु हाइड्रोपावर लिमिटेड, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, नेपाल वायरहाउजिङ कम्पनी लिमिटेड र साहस ऊर्जा लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो ।

सबैभन्दा धेरै शेयर मूल्य गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको घटेको छ । गणपतिको शेयर मूल्य पाँच दशमलव ८३ प्रतिशतले घटेको हो ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २४ करोड ६९ लाख २३ हजार सात सय ९२ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा नबिल ब्यालेन्स फन्ड-२ को १६ लाख दुई हजार आठ सय ३५ बराबरको कारोबार भएको छ ।

विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

ज्याकेट विज्ञापन रू. १५,००,०००/-

विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

## कर्पोरेट

### ग्लोबल आइएमई 'युरो मनी अवार्ड फर एक्सलेन्स'को दुई विधाबाट सम्मानित




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिडेट 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२४' अन्तर्गत बेस्ट बैंक नेपाल र बेस्ट बैंक ईएसजी (वातावरण, सामाजिक र सुशासन) नेपाल विधाबाट सम्मानित भएको छ । यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक दोस्रो पटक बेष्ट बैंक नेपाल अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२२- बेस्ट बैंक नेपाल' प्राप्त गरेको थियो ।

सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो । युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहकिलो विश्लेषण, सुझाव र समालोचनाका लागि प्रख्यात छ । युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन् ।

यसै वर्ष ग्लोबल आइएमई बैंकलाई ग्लोबल फाइनान्सले पनि उत्कृष्ट बैंक अवार्ड २०२४ बाट सम्मानित गरेको थियो । युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ लगायतका अन्य विभिन्न अवार्डहरूले ग्लोबल आइएमई बैंकलाई भविष्यमा अझ उत्कृष्ट सेवा तथा सुविधा प्रदान गर्न उत्प्रेरित गर्दछ ।

### आइसिएफसी फाइनान्सको मेहेन्दी कार्यक्रम

**काठमाडौं (प्रस)–** आइ.सि.एफ.सि. फाइनान्सले श्रावण महिनाको पहिलो सोमबार पारी 'मेहेन्दीको महिना, माया र सद्भावले लगाऔं' भन्ने सन्देश सहित आपसी सद्भाव अभिवृद्धी र मेहेन्दीको रङ्ग जस्तै सम्बन्धहरूलाई गाडा र रंगिन बनाउने अभिप्रायले आफ्ना कर्मचारी र ग्राहक तथा अन्य महिला दिदीबहिनी माझ मेहेन्दी कार्यक्रम सम्पन्न गरेको छ । फाइनान्सले देशैभरी रहेका विभिन्न २१ वटा शाखाहरूमा उक्त कार्यक्रम सम्पन्न गरेको छ । सबै शाखा कार्यालय परिसरमा संस्थाका ग्राहक महानुभाव लगायत अन्य महिला दिदीबहिनीहरूको उल्लासमय उपस्थितिमा उक्त मेहेन्दी कार्यक्रम सम्पन्न भएको फाइनान्सले जनाएको छ ।



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**::arketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ